## अनुसूची- २

(दफा ४ तथा अनसूची-१ को भाग-१ सँग सम्बन्धित)

गोदावरी नगरपालिका

# स्थानीय राजपत्र

वर्ष : ६ (गोदावरी)   संख्या : ६८   मिति : २०७९/०४/०५

**भाग-१**

**गोदावरी नगरपालिका**

**कार्यपालिका बैठकबाट पारित मिति :२०७९/०४/०३**

**प्रमाणीकरण मिति :२०७९/०४/०४**

# गोदावरी नगरपालिका
# विपद् पूर्वतयारी तथा प्रतिकार्य योजना- २०७९
# (Disaster Preparedness and Response Plan - 2022)

**निर्माण निर्देशिका :** विपद् पूर्वतयारी तथा प्रतिकार्य योजना तर्जुमा मार्गदर्शन पहिलो संशोधन, २०६७ र गाउँपालिका/नगरपालिका विपद् पूर्वतयारी तथा प्रतिकार्य योजना (नमुना), २०७८

**दस्तावेज :** नगरस्तरीय विपद् पूर्वतयारी तथा प्रतिकार्य योजना २०७९, गोदावरी नगरपालिका

**सर्वाधिकार :** गोदावरी नगरपालिका, कैलाली

**प्राविधिक सहयोग :** युएसएआईडीको तयार नेपाल परियोजना

**तयारी तथा प्रकाशनका लागि आर्थिक तथा प्राविधिक सहयोग :**

यो सामग्री नगरस्तरीय विपद् पूर्वतयारी तथा प्रतिकार्य योजना-२०७९, गोदावरी नगरपालिका कैलालीसँगको सहकार्य र प्राविधिक सहयोगमा युएसएआईडीको तयार नेपाल परियोजना (TAYAR NEPAL) ले तयार पारेको हो ।

गोदावरी नगरपालिका

**प्रथम प्रकाशनः**
२०७९ आसार

**तयारी तथा प्रकाशनका लागि आर्थिक तथा प्राविधिक सहयोगः**
यो योजनाको निर्माण गोदावरी नगरपालिका स्तरीय विपद् व्यवस्थापन समिति र वडा स्तरीय विपद् व्यवस्थापन समितिसँगको सहकार्यमा तथा अमेरिकी सहयोग नियोग (USAID) को तयार नेपाल (विपद् जोखिम व्यवस्थापन परियोजना) को आर्थिक तथा प्राविधिक सहयोगमा तयार पारिएको हो ।

गोदावरी नगरपालिका

नगरपालिकाको शुभकामना

फोटो

## शुभकामना सन्देश

विपद्को दृष्टिले नेपाल संवेदनशील मुलुक हो । यो मुलुक भूकम्पीय जोखिमको हिसाबले ११औं, पानीजन्य प्रकोपबाट हुने क्षतिका हिसाबले ३०औं र जलवायु परिवर्तनको जोखिमका हिसाबले चौथो स्थानमा रहेको छ । गृह मन्त्रालय स्रोतका अनुसार नेपालमा वार्षिक औसत ४ सय २० वटा विपद्का घटना हुने गरेका छन्, जसबाट १ हजारजनाको मृत्यु, ८० जना बेपत्ता, १ लाख ३५ हजार व्यक्ति प्रभावित, १६ हजार परिवार विस्थापित र ठूलो संख्यामा भौतिक सम्पत्ति क्षति हुने गरेको तथ्यांक छ । ७ सय ५३ स्थानीय तहमध्ये कैलाली जिल्लाको गोदावरी नगरपालिका पनि विपद्को दृष्टिकोणले संवेदनशील अवस्थामा रहेको छ ।

गोदावरी नगरपालिको विपद् पूर्वतयारी तथा प्रतिकार्य योजना २०७९ तयार गरी यहाँहरूसमक्ष प्रस्तुत गर्न पाउँदा खुसी लागेको छ । गोदावरी नगरपालिकामा वर्षेनि भूकम्प, बाढी, सडक दुर्घटना, महामारी, आगलागी, हावाहुरी, शीतलहर, बालीमा लाग्ने रोगकिरा, सर्पदंश, सुक्खा खडेरी, चटयाङ, असिना, जंगली जनावर आतंक जस्ता विपद्बाट जनधनको क्षति भइरहेको छ । तसर्थ विपद्का घटनाको पूर्वतयारी तथा प्रतिकार्यका लागि व्यवस्थित योजना बनाई लागू गर्नु आजको आवश्यकता रहेकाले विभिन्न सरोकारवालाको सुझाव सहित यो योजना तयार गरिएको हो ।

विपद् व्यवस्थापनका लागि स्थानीयस्तरको विपद् पूर्वतयारी तथा प्रतिकार्य योजना एउटा महत्वपूर्ण दस्तावेजका रूपमा रहेको छ । विगतका विभिन्न विपद्वाट प्राप्त सिकाइ तथा नयाँ ऐन, नियमलाई आत्मसात गरी स्थानीय तहको समन्वयात्मक तथा कार्यान्वयात्मक भूमिकालाई थप प्रभावकारी र अझ जिम्मेवार बनाउँदै यो नगरपालिकाको विपद् पूर्वतयारी तथा प्रतिकार्य योजना तयार गरिएको छ । स्थानीय सरकारी, गैरसरकारी संस्था, निजीक्षेत्र, रेडक्रस र प्रबुद्धवर्गसँगको छलफल र पृष्ठपोषणका आधारमा योजना निर्माण गरिएको हो ।

राज्य पुनर्संरचना अनुरूप स्थानीय सरकार सञ्चालन ऐन २०७४ मा भएको व्यवस्था बमोजिम स्थानीय तहको भूमिकालाई थप सक्रिय तथा प्रभावकारी बनाउनुपर्ने आवश्यकता महसुस गरी विपद् पूर्वतयारी तथा प्रतिकार्य योजना तयार पारिएको हो । यस योजनामा समावेश गरिएको सबै जिम्मेवार निकायले आ-आफ्नो भूमिका र जवाफदेहिता निर्वाह गर्न सकेमा विपद् जोखिम न्यूनीकरण र प्रतिकार्यमा महत्वपूर्ण टेवा पुग्नेछ । नगरपालिकाले निश्चय पनि क्षमता र सीमाका आधारमा योजना कार्यान्वयन गर्न र गराउन अग्रणी भूमिका खेल्नेछ ।

योजना तयार गर्ने क्रममा सहयोग पुर्‍याउने स्थानीय विपद् व्यवस्थापन समितिका सदस्यहरू, ८ वटा क्षेत्रगत समूहहरू, स्थानीय सरकार, राजनीतिक दल, सरोकारवाला संघसंस्थालाई हार्दिक धन्यवाद दिन चाहन्छु । साथै योजना तयार गर्न आर्थिक सहयोग पुर्‍याउने तयार नेपाल परियोजनाको योगदान स्मरण गर्दै विपद् पूर्वतयारी तथा प्रतिकार्य योजना निर्माणका लागि सहजीकरणको भूमिका निर्वाह गर्ने तयार नेपाल गोदावरी नगरपालिकाका प्रतिनिधिलाई पनि धन्यवाद दिन चाहन्छु ।

अन्त्यमा, यस योजनाले विपद् आइपर्नु अगावै पूर्वतयारी र विपद्को समयमा गरिने प्रभावकारी समन्वयात्मक तथा प्रतिकार्यलाई सहज र योजनाबद्ध बनाउन मद्दत गर्नेछ भन्ने विश्वास लिएको छु ।

.........................

नाम

नगर प्रमुख

गोदावरी नगरपालिका, कैलाली

विषयसूची

*नगरपालिकाको शुभकामना*
*विषयसूची*
*तालिका सूची*
**खण्ड-१: प्रारम्भिक परिच**
१.१ परिचय
१.२ योजनाको उद्देश्य
१.३ योजना तर्जुमा प्रक्रिया
१.३.१ नगर विपद् व्यवस्थापन समितिको बैठक
१.३.२ आधारभूत अध्ययन
१.३.३ विषयक्षेत्र (क्लस्टर) को बैठक
१.३.४ कार्यशाला गोष्ठी
१.३.५ योजनाको मस्यौदा तयारी
१.३.६ योजना मस्यौदा क्रियाकलापको परीक्षण
१.३.७ पृष्ठपोषण सङ्कलन र अन्तिम मस्यौदा तयारी
**खण्ड-२: विपद् जोखिम र व्यवस्थापनको अवस्था**
२.१ गोदावरी नगरपालिकाको संक्षिप्त परिचय
२.२ गोदावरी नगरपालिकामा विद्यमान प्रमुख प्रकोपहरू
२.३ विगतका विपद्को अवस्था विश्लेषण
२.३.१ विपद्को ऐतिहासिक समय रेखा
२.३.२ विपद्को आवृत्ति र गम्भीरता
२.३.३ विपद्बाट भएको क्षतिको विवरण
२.४ सम्भाव्य प्रकोप तथा सम्भावित प्रभाव क्षेत्र
२.५ प्रकोपहरूको सम्भाव्य जोखिम विश्लेषण
२.६ पूर्वसूचना प्रणालीको अवस्था
२.७ नीतिगत, कानुनी तथा कार्य जिम्मेवारी
२.८ विषयक्षेत्र तथा कार्य जिम्मेवारी
२.८.१ समग्र व्यवस्थापन, सूचना, खोज तथा उद्धार क्षेत्र
२.८.२ खाद्य तथा कृषि क्षेत्र
२.८.३ स्वास्थ्य तथा पोषण क्षेत्र
२.८.४ खानेपानी, सरसफाइ तथा स्वच्छता प्रवर्द्धन क्षेत्र
२.८.५ आपत्कालीन आश्रय तथा गैर-खाद्य सामग्री क्षेत्र
२.८.६ संरक्षण तथा सुरक्षा क्षेत्र
२.८.७ आपत्कालीन शिक्षा क्षेत्र
२.८.८ शीघ्र पुनर्लाभ क्षेत्र
**खण्ड-३: पूर्वतयारी तथा प्रतिकार्य योजना**



गोदावरी नगरपालिका

३.१ सामान्य पूर्वतयारी योजना
३.१.१ समग्र व्यवस्थापन, सूचना, खोज तथा उद्धार क्षेत्रको सामान्य पूर्वतयारी योजना
३.१.२ खाद्य तथा कृषि क्षेत्रको सामान्य पूर्वतयारी योजना
३.१.३ स्वास्थ्य तथा पोषण क्षेत्रको सामान्य क्षेत्रको पूर्वतयारी योजना
३.१.४ खानेपानी, सरसफाइ तथा स्वच्छता प्रवर्द्धन क्षेत्रको सामान्य पूर्वतयारी योजना
३.१.५ आपत्कालीन आश्रय तथा गैर-खाद्य सामग्री क्षेत्रको सामान्य पूर्वतयारी योजना
३.१.६ संरक्षण तथा सुरक्षा क्षेत्रको सामान्य पूर्वतयारी योजना
३.१.७ आपत्कालीन शिक्षा क्षेत्रको सामान्य पूर्वतयारी योजना
३.१.८ शीघ्र पुनर्लाभ क्षेत्रको सामान्य पूर्वतयारी योजना
३.२ पूर्वानुमानमा आधारित पूर्वतयारी योजना
३.२.१ समग्र व्यवस्थापन, सूचना, खोज तथा उद्धार क्षेत्रको पूर्वानुमानमा आधारित पूर्वतयारी योजना
३.२.२ खाद्य तथा कृषि क्षेत्रको पूर्वानुमानमा आधारित पूर्वतयारी योजना
३.२.३ स्वास्थ्य तथा पोषण क्षेत्रको पूर्वानुमानमा आधारित पूर्वतयारी योजना
३.२.४ खानेपानी, सरसफाइ तथा स्वच्छता प्रवर्द्धन क्षेत्रको पूर्वानुमानमा आधारित पूर्वतयारी योजना
३.२.५ आपत्कालीन आश्रय तथा गैर-खाद्य सामग्री क्षेत्रको पूर्वानुमानमा आधारित पूर्वतयारी योजना
३.२.६ संरक्षण तथा सुरक्षा क्षेत्रको पूर्वानुमानमा आधारित पूर्वतयारी योजना
३.२.७ आपत्कालीन शिक्षा क्षेत्रको पूर्वानुमानमा आधारित पूर्वतयारी योजना
३.२.८ शीघ्र पुनर्लाभ क्षेत्रको पूर्वानुमानमा आधारित पूर्वतयारी योजना
३.३ आपत्कालीन प्रतिकार्य (कार्यविधि) योजना
३.३.१ समग्र व्यवस्थापन, सूचना, खोज तथा उद्धार क्षेत्रको प्रतिकार्य योजना
३.३.२ खाद्य तथा कृषि क्षेत्रको प्रतिकार्य योजना
३.३.३ स्वास्थ्य तथा पोषण क्षेत्रको प्रतिकार्य योजना
३.३.४ खानेपानी, सरसफाइ तथा स्वच्छता प्रवर्द्धन क्षेत्रको प्रतिकार्य योजना
३.३.५ आपत्कालीन आश्रय तथा गैर-खाद्य सामग्री क्षेत्रको प्रतिकार्य योजना
३.३.६ संरक्षण तथा सुरक्षा क्षेत्रको प्रतिकार्य योजना
३.३.७ आपत्कालीन शिक्षा क्षेत्रको प्रतिकार्य योजना
३.३.८ शीघ्र पुनर्लाभ क्षेत्रको प्रतिकार्य योजना
**खण्ड - ४: बन्दोबस्ती सामग्रीको उपलब्धता तथा आवश्यकताको लेखाजोखा**
४.१ स्रोत-साधनको वर्तमान अवस्था
४.२ विपद् प्रतिकार्यका लागि जनशक्तिको उपलब्धता
४.३ बन्दोबस्ती सामग्रीको आँकलन
४.३.१ गैर-खाद्य सामग्री भण्डारण स्थल
४.३.२ मानवीय सहायता स्थल
४.४ थप स्रोत साधनको आवश्यकता र अनुमानित लागत
**खण्ड-५: विविध**
५.१. स्रोत साधनको व्यवस्थापन
५.२. अन्य निकायसँगको समन्वय र सहकार्य

५.३. अनुगमन, मूल्याङ्कन तथा सिकाइ
५.३.१ लक्ष्य र सूचकहरू
५.३.२ अनुगमन, मूल्याङ्कन र योजनाको परिमार्जन
५.४. क्षमता विकास रणनीति र योजना

अनुसूचीहरू

अनुसूची १: प्राविधिक कार्यसमूहको प्रथम बैठकको कार्यसूची
अनुसूची २: स्थानीय विपद् व्यवस्थापन समितिबाट प्राविधिक कार्यसमूहलाई प्रदान कार्यदिशा
अनुसूची ३: सरोकारवाला निकायको पहिचान तालिका
अनुसूची ४: विषयक्षेत्रको प्रथम बैठकको कार्यसूची
अनुसूची ५: विषयक्षेत्र सदस्य संस्थाको कार्यशर्त
अनुसूची ६: अगुवा सहयोगी संस्थाको कार्यशर्त
अनुसूची ७: कार्यशाला गोष्ठीको कार्यसूची
अनुसूची ८: स्थानीय विपद् व्यवस्थापन समितिमा विद्यमान पदाधिकारीहरूको विवरण
अनुसूची ९: विषयक्षेत्रका अगुवा संस्थाका पदाधिकारीहरूको विवरण
अनुसूची १०: विषयक्षेत्रअन्तर्गतका सरोकारवाला निकाय तथा संस्थाहरूको विवरण
अनुसूची ११: प्रतिकार्यका लागि उपलब्ध जनशक्ति तथा संस्थाहरूको विवरण
अनुसूची १२: योजना अनुगमन, मूल्याङ्कन तथा सिकाइ संश्लेषण प्रारूप
सन्दर्भ सामग्री

गोदावरी नगरपालिका

# खण्ड - १ : परिचय

## १. पृष्ठभूमि

### १.१ परिचय

नेपाल बहुप्रकोप जोखिमयुक्त देशहरूमध्ये उच्च जोखिममा रहेको देश हो । नेपाल बाढी, पहिरो, भूकम्प, महामारी, आगलागी, हावाहुरी, चट्याङ, असिना, लू, शीतलहर, खडेरी, हिमताल विस्फोट तथा हिमपहिरो र कोभिड १९ को उच्च जोखिममा रहेको मुलुक हो । भौगोलिक विविधताले भरिपूर्ण नेपाल जलवायु, वनस्पति र जैविक प्रचुरताले भरिपूर्ण छ । यी विविधताहरू युगौंदेखिका प्राकृतिक विपद्हरूबाट निर्मित तथा परिवर्तित हुँदै आएका छन् । पृथ्वीको सतहमुनिको टेक्टोनिक प्लेटहरूको विस्तारै निरन्तर सर्ने प्रक्रियाले नेपाल उच्च भूकम्पीय जोखिमयुक्त क्षेत्रभित्र पर्छ । भूकम्पीय जोखिमबाट सङ्कटासन्न अवस्थाका मुलुकमध्ये एघारौं स्थानमा पर्छ । उत्तरी हिमशृंखलामा छेकिएर हुने मनसुनी वर्षाले देशमा जीवनदायी वर्षा गराउँछ । यद्यपि अत्यधिक जलवाष्पका कारण हुने वर्षा र भिराला पर्वत शृंखलाबाट बग्ने नदीहरूले व्यापक रूपमा बाढी र डुबान समस्या सिर्जना गरी कठिनाइ पैदा गर्छन् । यस अतिरिक्त यसले मुलुकको हिमाली र पहाडी भेगमा प्रशस्त पहिरो निम्त्याउँछ र मुलुकको दक्षिणी समतल क्षेत्रमा डुबानको समस्या बढ्ने गरेको छ । जलवायुजन्य परिस्थितिमा आएको शीघ्र परिवर्तनले यस्ता विपद्हरूको तीव्रता र प्रभाव बढ्ने गरेको छ । माथि उल्लिखित विपद्बाहेक अन्य विपद् जस्तै मानव सिर्जित विपद्हरूबाट आक्रान्त छ । बाढीजन्य जोखिमबाट सङ्कटासन्न अवस्थामा पर्ने मुलुकमध्ये नेपाल तीसौं स्थानमा पर्छ । जलवायुजन्य जोखिमबाट सङ्कटासन्न अवस्थामा पर्नेमध्येमा चौथो स्थानमा छ । यी विपद्बाट हुने क्षतिबाट गोदावरी नगरपालिका अछुतो छैन ।

नेपालको संविधानले विपद् व्यवस्थापन स्थानीय तहको एकल अधिकार सूचीको रूपमा सूचीकृत गरेको छ । संवैधानिक व्यवस्था कार्यान्वयन गर्न संघ, प्रदेश र स्थानीय तहमा नीति, ऐन, नियम तथा निर्देशिकाहरू तर्जुमा भएका छन् । साथै विपद् व्यवस्थापनका लागि केन्द्रदेखि समुदाय तहसम्म विभिन्न संस्थागत संरचना गठन गरी क्रियाशील छन् । स्थानीय विपद् व्यवस्थापन समिति पनि यस्तै संरचनामध्ये एक हो । स्थानीय तहमा हुने विपद् व्यवस्थापनको सन्दर्भमा यस समितिको महत्वपूर्ण भूमिका रहेको हुन्छ । स्थानीय तहमा गरिने विपद् पूर्वतयारी तथा प्रतिकार्य सम्बन्धी कार्यलाई व्यवस्थित र प्रभावकारी ढंगबाट सम्पन्न गर्न समितिले यस सम्बन्धी छुट्टै योजना तर्जुमा गर्नुपर्ने हुन्छ । विद्यमान कानुनी व्यवस्था अनुरूप समेत स्थानीय तहले विपद् पूर्वतयारी तथा प्रतिकार्य योजना तर्जुमा गर्न आवश्यक छ ।

जलवायु परिवर्तन तथा अन्य विभिन्न कारणबाट संसारमा प्रकोप जोखिमको अवस्था वर्षेनि वृद्धि हुने गरेको छ । यस गोदावरी नगरपालिका पनि यस्ता प्रकोप जोखिमहरूबाट अछुतो रहन सकेको छैन । यस गोदावरी नगरपालिकामा विपद्बाट हुने जनधनको क्षति न्यूनीकरण गर्न, विपद्को प्रतिकार्य र पुनर्लाभ योजना तर्जुमा गर्न आवश्यक देखिएको छ ।

प्रस्तुत सन्दर्भमा स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ११ को उपदफा (२) को खण्ड नं.९ र नेपाल सरकारबाट जारी विपद् पूर्वतयारी तथा प्रतिकार्य योजना तर्जुमा मार्गदर्शन २०७६ अनुरूप यस गोदावरी नगरपालिकाले यो विपद् पूर्वतयारी तथा प्रतिकार्य योजना तयार गरेको छ ।

## १.२ योजनाको उद्देश्य

यस गोदावरी नगरपालिकामा विपद् व्यवस्थापनको पूर्वतयारी र यस सम्बन्धी प्रतिकार्यलाई प्रभावकारी बनाई सम्भावित जनधनको क्षति कम गर्नु यो योजनको मुख्य उद्देश्य हो । यसका अन्य उद्देश्य देहाय बमोजिम छन् ।

क) विपद् प्रतिकार्यका लागि विषयगत क्षेत्रहरूको भूमिका तथा जिम्मेवारी निर्धारण गर्नु ।

ख) विपद् प्रतिकार्यका लागि मुख्य जिम्मेवार तथा सहयोगी निकायहरूको पहिचान गर्नु ।

ग) विपद्को लेखाजोखा, जोखिम नक्सांकन, विगतका घटनाहरूको तथ्यांक संकलन र विश्लेषणका आधारमा जोखिम सूची योजना तयार गर्नु ।

घ) विपद् प्रतिकार्यका लागि समान्य पूर्वतयारी, पूर्वानुमानमा आधारित पूर्वतयारी तथा आपत्कालीन प्रतिकार्यका क्रियाकलापहरू तय गर्नु ।

## १.३ योजना तर्जुमा प्रक्रिया

विपद् पूर्वतयारी तथा प्रतिकार्य योजना तर्जुमा मार्गदर्शन २०७६ ले गोदावरी नगरपालिकाको स्थानीय विपद् व्यवस्थापन समितिको नेतृत्व र विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापनको क्षेत्रमा संलग्न निकाय तथा विषयगत क्षेत्रको सहभागितामा विपद् पूर्वतयारी प्रतिकार्य योजना तर्जुमा गर्ने व्यवस्था गरेको छ । सोही व्यवस्था अनुसार यस गोदावरी नगरपालिकाले सहभागितामूलक प्रक्रिया अपनाई विपद् पूर्वतयारी तथा प्रतिकार्य योजना तर्जुमा गरेको छ । विपद् पूर्वतयारी तथा प्रतिकार्य योजना तर्जुमा गर्दा अवलम्बन गरिएको प्रक्रियागत ढाँचा देहाय बमोजिम छ ।




माथि उल्लिखित ढाँचामा योजना तर्जुमाका चरणहरूको संक्षेपमा तल चर्चा गरिएको छ।

१.३.१ नगर विपद् व्यवस्थापन समितिको बैठक

विपद् पूर्वतयारी तथा प्रतिकार्य योजना तयार गर्नका लागि नगर विपद् व्यवस्थापन समितिका पदाधिकारीसँग मिति २०७८ मंसिर २२ गतेका दिन बसेको बैठकबाट यस नगरपालिकामा विपद् पूर्वतयारी तथा प्रतिकार्य योजना तर्जुमा गर्ने सम्बन्धमा ८ वटा विषयगत क्षेत्रहरूको निर्धारण गर्नुका साथै विगतका विपद्का घटना सम्बन्धी तथ्यांक, प्रकोप नक्सांकन, संकटासन्नता तथा जोखिम आँकलन गरिएको थियो।

१.३.२ आधारभूत अध्ययन

नगरपालिकामा विपद् व्यवस्थापन सम्बन्धी मौजुदा नीति, योजनाहरू विपद्का घटना सम्बन्धी तथ्यांक र प्रकाशनहरू, प्रकोप नक्सा लगायत अन्य सान्दर्भिक सामग्रीहरूको पुनरावलोकन र गरी विपद् जोखिम सम्बन्धी आधारभूत अध्ययन र विश्लेषण गरिएको थियो । योजना तर्जुमाका क्रममा देहाय बमोजिमका तथ्यांक, दस्तावेज र प्रकाशनहरूको समेत अध्ययन तथा विश्लेषण गरिएको थियो :–

- विपद् व्यवस्थापन सम्बन्धी संघ, प्रदेश र स्थानीय तहका नीति, ऐन तथा निर्देशिका ।
- विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन राष्ट्रिय रणनीति कार्ययोजना (सन् २०१८-२०३०)
- कैलाली जिल्ला विपद् पूर्वतयारी तथा प्रतिकार्य योजना (अद्यावधिक) २०७८
- विपद् व्यवस्थापन सम्बन्धी विगतको अभ्यास, अनुभव तथा सिकाइ ।
- स्थानीय मौसम तथा बाढी पूर्वानुमान र पूर्वसूचना प्रणाली ।
- नगरपालिकाको नगर प्रोफाइल ।
- नगरपालिकाको आ.व.२०७८।७९ को नीति तथा कार्यक्रम ।

### १.३.३ विषयक्षेत्र (क्लस्टर) को बैठक

विषयगत क्षेत्रअन्तर्गत पर्ने सरोकारवाला निकायहरूको पहिचान, विषयगत क्षेत्रको विपद् प्रतिकार्य योजना तयारी (सामान्य पूर्वतयारी योजना, पूर्वानुमानमा आधारित पूर्वतयारी योजना, आपत्कालीन प्रतिकार्य योजना) का गतिविधिहरू, विषयगत क्षेत्रसँग सम्बन्धित रही स्रोतहरूको आँकलन, आवश्यकताको लेखाजोखा आदि विषयहरूमा छलफल गर्न विषयक्षेत्रहरूसँग मिति २०७८ पुस २३ गते बैठक सञ्चालन गरिएको थियो । विषयगत क्षेत्रहरूको छलफल र प्रथम र द्वितीय स्रोतबाट संकलन गरिएका सूचनाहरू संश्लेषण एवं विश्लेषण गरी गोदावरी नगरपालिकाको विपद् पूर्वतयारी तथा प्रतिकार्य योजनाको मस्यौदा निम्न अनुसार तयार गरिएको छ ।

१.३.४ पहिलो कार्यशाला गोष्ठी (मिति २०७८ मंसिर २२) ।

१.३.५ योजनाको मस्यौदा तयारी (मिति २०७८ मंसिर २७ देखि पुस २३ सम्म) ।

१.३.६ योजना मस्यौदा क्रियाकलापको परीक्षण ( मिति पुस २४ देखि माघ २५ सम्म) ।

१.३.७ पृष्ठपोषण सङ्कलन र अन्तिम मस्यौदा तयारी (मिति माघ २६ देखि फागुन १५ सम्म) ।

विषयगत क्षेत्रको बैठक तथा द्वितीय स्रोतको समेत अध्ययनबाट प्राप्त सूचनाबाट तयार गरिएको विपद् पूर्वतयारी तथा प्रतिकार्य योजनाको मस्यौदामा विभिन्न सरोकारवाला निकाय, संघ संस्था र व्यक्तिहरूको उपस्थितिमा बैठक गरी आवश्यक सुझाव लिइएको थियो। यसरी प्राप्त सुझावहरूसमेत यो योजनामा समावेश गरिएको छ।

मिति २०७८ चैत्र ३० गते सम्पन्न नगरपालिका स्तरीय सरोकारवालाहरूको बैठकबाट योजनाको पुनरावलोकन गरी प्राप्त सुझाव तथा सल्लाह समेत समेटी यस विपद् पूर्वतयारी तथा प्रतिकार्य योजनालाई अन्तिम रूप दिइएको छ।

# खण्ड-२ : विपद् जोखिम र व्यवस्थापनको अवस्था

## २.१ गोदावरी नगरपालिकाको संक्षिप्त परिचय

सुदूरपश्चिम प्रदेशमा अवस्थित गोदावरी नगरपालिका कैलाली जिल्लाको मध्यपश्चिम भागमा अवस्थित छ। जिल्ला सदरमुकाम धनगढीबाट १५ कि.मि.को दूरीमा रहेको यो नगरपालिकाको ३०८.६३ वर्ग कि.मि. छ। यसको पूर्वमा गौरीगंगा नगरपालिका र चुरे गाउँपालिका, पश्चिममा कञ्चनपुर जिल्ला, उत्तरमा चुरे गाउँपालिका र दक्षिणमा धनगढी उपमहानगरपालिका रहेका छन्।

यो नगरपालिका २८°८१' उत्तरदेखि २८°९२' उत्तरी अक्षांश ८०°५५' पूर्वदेखि ८०°८' पूर्व देशान्तरका साथै उष्णदेखि समशीतोष्णसम्म हावापानी रहेको छ। गोदावरी न.पा. प्रदेश राजधानी धनगढीबाट १५ किलोमिटर र संघीय राजधानी काठमाडौंबाट ६४५ किलोमिटरको दूरीमा रहेको छ। यस नगरपालिकामा १२ वडा छन्। नगरपालिकाको केन्द्र वडा नं. १ अत्तरिया बजारमा रहेको छ।

साविकको अत्तरिया नगरपालिकाका १, २, ३, ४, ५, ६, ७, ८, १२, र १३ वडाहरू र गोदावरी गाविस समेत गरी गोदावरी नगरपालिका निर्माण गरिएको छ। चुरे पर्वत शृंखलाको काखमा रहेको यो नगरपालिका नेपाल-भारत सिमानाबाट २५ कि.मि. उत्तरमा अवस्थित छ। साथै नेपालको पश्चिमी सिमाना गड्डाचौकी र दक्षिणी सिमाना गौरीफन्टा जाने मार्ग समेत यही नगरपालिकाको केन्द्र अत्तरिया बजार हो, जो गोदावरी नगरपालिकाको प्रमुख सेवा केन्द्रको रूपमा समेत रहेको छ।

गोदावरी नगरपालिका

नगरपालिकाको जानसांख्यिकी विवरण:

| जनगणना आधार (साल) | घरधुरी | जम्मा जनसंख्या | पुरुष | | महिला | | प्रतिशत औसत परिवार | वृद्धिदर प्रतिशत |
|---|---|---|---|---|---|---|---|---|
| | | | जम्मा | प्रतिशत | जम्मा | प्रतिशत | | |
| २०६८ | १४,९१५ | ७८,०१८ | ३६,४४२ | ४७ | ४१,३७६ | ५३ | ५.२३ | २.२९ |

## २.२ गोदावरी नगरपालिकामा विद्यमान प्रमुख प्रकोपहरू

यस नगरपालिकामा विद्यमान प्रमुख प्रकोपहरूमा भूकम्प, बाढी, डुबान, बालीमा लाग्ने रोगकिरा, शीतलहर, हावाहुरी, असिना, आगलागी, सुक्खा खडेरी, चटयाङ, जंगली जनावर आक्रमण, महामारी, सडक दुर्घटना, सर्पदंश आदि पर्छन् । नगरपालिकाको वडा स्तरीय तथ्याङ्क अनुसार यस नगरपालिकाको क्षेत्रमा सबैभन्दा बढी बाढी र डुबानबाट जनधनको क्षति हुने गरेको पाइन्छ ।

## २.३ विगतका विपद्को अवस्था विश्लेषण

### २.३.१ विपद्को ऐतिहासिक समय रेखा

गोदावरी नगरपालिकामा विगतमा कुन प्रकोपबाट कस्तो विपत्ति परेको थियो भन्ने जानकारी लिन ऐतिहासिक विपद् समयरेखा तयार गरिएको छ । यस विधिको प्रयोग गर्दा विशेष गरी वडासँग छलफल गरिएको छ । यस नगरपालिकामा विगत तीस वर्षयता विभिन्न समयमा घटेका प्राकृतिक, गैरप्राकृतिक, जलवायुजन्य विपद्का घटनाहरूको ऐतिहासिक समय रेखा, सोको प्रभाव र प्रभावित क्षेत्र, पूर्वतयारी र प्रतिकार्यका लागि गरिएका प्रयासलाई तलको तालिकामा प्रस्तुत गरिएको छ ।

| **विपद्** | **घटनाको वर्ष** | **विषय क्षेत्रमा परेको प्रभाव** | **प्रभावित स्थान /क्षेत्र** | **विपद् व्यवस्थापनका लागि गरिएका प्रमुख प्रयासहरू** |
|---|---|---|---|---|
| बाढी/पहिरो/डुबान | २०६५ | प्राकृतिक क्षेत्र भौतिक, आर्थिक | वडा नं. ४ (भ्यागुतेपानी, तल्लोदोगडे, वासपानी, चुनेपानी, सलानीडाँडा) | त्रिपाल र तारजाली वितरण |
| | २०७० | प्राकृतिक क्षेत्र भौतिक, आर्थिक | वडा नं. ४, ८, ६ | त्रिपाल र तारजाली वितरण |

| विपद् | घटनाको वर्ष | विषय क्षेत्रमा परेको प्रभाव | प्रभावित स्थान /क्षेत्र | विपद् व्यवस्थापनका लागि गरिएका प्रमुख प्रयासहरू |
|---|---|---|---|---|
| | २०७० सालदेखि प्रत्येक वर्ष | ५ देखि ८ घरधुरी पलायन हुने जारी (भौतिक, आर्थिक) | वडा नं. ४, ८, ६ | |
| | १२ भदौ, २०७८ | रु. १,५०,००० जनधनको क्षति | वडा नं. ४ | |
| | १८ असार, २०७५ | १ वटा भौतिक पूर्वाधार नष्ट | वडा नं. ९ | |
| | १२ भदौ, २०७८ | १ घरधुरी प्रभावित | वडा नं. ४ | |
| | २४ भदौ, २०७४ | १ जना महिलाको मृत्यु | वडा नं. ९ | |
| | १८ असार, २०७५ | १ जना पुरुषको मृत्यु | वडा नं. ९ | |
| | २८ साउन, २०७५ | १ जना महिलाको डुबेर मृत्यु | वडा नं. ३ | |
| | २२ फागुन, २०७४ | १ जना पुरुषको डुबेर मृत्यु | वडा नं. ४ | |
| | १८ असार, २०७५ | १ वटा घर नष्ट | वडा नं. ९ | |
| | १९ जेठ, २०७८ | रु. ९,००,००,००० जनधनको क्षति | वडा नं. ४ | |
| | २२ भदौ, २०७८ | रु. १,८०,००० जन धनको क्षति | वडा नं. ९ | |
| | २२ वैशाख, २०७७ | रु. २,००,००० जनधनको क्षति | वडा नं. ४ | |
| | ८ वैशाख, २०७७ | रु. ४,००,००० जनधनको क्षति | वडा नं. ८ | |
| | २० भदौ, २०७७ | रु. ५,००,००० जनधनको क्षति | वडा नं. ६ | |

| विपद् | घटनाको वर्ष | विषय क्षेत्रमा परेको प्रभाव | प्रभावित स्थान /क्षेत्र | विपद् व्यवस्थापनका लागि गरिएका प्रमुख प्रयासहरू |
|---|---|---|---|---|
| आगलागी | २९ जेठ, २०७८ | १ वटा भौतिक पूर्वाधार नष्ट | वडा नं. ४ | |
| | १ असार, २०७८ | १ वटा भौतिक पूर्वाधार नष्ट | वडा नं. ४ | |
| | ३० वैशाख, २०७८ | १ वटा भौतिक पूर्वाधार नष्ट | वडा नं. १ | |
| | २९ जेठ, २०७८ | १ वटा घर नष्ट | वडा नं. ४ | |
| | १ असार, २०७६ | १ वटा घर नष्ट | वडा नं. ४ | |
| | ३० वैशाख, २०७५ | १ वटा घर नष्ट | वडा नं. १ | |
| | २१ असार, २०७८ | १ घरधुरी प्रभावित | वडा नं. १२ | |
| | २५ साउन, २०७८ | १ घरधुरी प्रभावित | वडा नं. २ | |
| | १४ पुस, २०७७ | १ घरधुरी प्रभावित | वडा नं. ९ | |
| | २२ वैशाख, २०७७ | १ घरधुरी प्रभावित | वडा नं. ४ | |
| | २० असार, २०७७ | १ घरधुरी प्रभावित | वडा नं. १ | |
| | ८ वैशाख, २०७६ | १ घरधुरी प्रभावित | वडा नं. १ | |
| | २६ फागुन, २०७४ | १ घरधुरी प्रभावित | वडा नं. १० | |
| | ३ असार, २०७७ | १ जना (पुरुष) घाइते | वडा नं. २ | |
| | १७ असोज, २०७७ | २ जना (१ पुरुष र १ महिला) घाइते | वडा नं. १० | |
| | २०७६, जेठ २३ | भौतिक क्षति, आर्थिक क्षति, प्राकृतिक क्षति | वडा नं. १०, ११, १२, ३, ६ समुदायहरू | विद्यालय, घर, गोठका जस्ता उडाएकोलाई आर्थिक र त्रिपाल वितरण |

गोदावरी नगरपालिका

| विपद् | घटनाको वर्ष | विषय क्षेत्रमा परेको प्रभाव | प्रभावित स्थान /क्षेत्र | विपद् व्यवस्थापनका लागि गरिएका प्रमुख प्रयासहरू |
|---|---|---|---|---|
| हावाहुरी | २०७७ | भौतिक क्षति, आर्थिक क्षति, प्राकृतिक क्षति | वडा नं. १०, ११, १२, ३, ६ समुदायहरू | रु. ३,००० देखि ६,००० सम्म राहत स्वरूप वितरण |
| | | | | |
| असिना | २०७७ | भौतिक क्षति, आर्थिक क्षति | वडा नं. ४ र ६ समुदायहरू | |
| | | | | |
| खडेरी | २०७५ | आर्थिक क्षति | वडा नं. १०, ११ र ३ समुदायहरू | |
| चटयाङ | २०७५ | मानवीय र आर्थिक क्षति | वडा नं. ३ समुदायहरू | |
| | २१ पुस, २०७७ | १ घरधुरी प्रभावित | वडा नं. ३ | |
| जंगली जनावर आतंक (हात्ती) | २०७७ | अन्नबाली र तरकारी खेती नष्ट | वडा नं. ११ समुदायहरू | आर्थिक तथा प्राविधिक सहयोग, तारजाली वितरण |
| | २४ माघ, २०७६ | १ जना महिला घाइते | वडा नं. १० | |
| महामारी कोभिड १९ | २०७७ | मानवीय, आर्थिक क्षति | सबै वडा | राहत प्याकेज, आइसोलेसन र होल्डिङ सेन्टरको विकास, स्वयंसेवक तथा सामग्री वितरण, मृतकका घरपरिवारलाई आर्थिक सहयोग |
| | २०७८ | मानवीय, आर्थिक क्षति | सबै वडा | राहत प्याकेज, आइसोलेसन र होल्डिङ सेन्टरको विकास, स्वयंसेवक तथा सामग्री वितरण, मृतकका घरपरिवारलाई आर्थिक सहयोग |
| सडक दुर्घटना | प्रत्येक वर्ष | मानवीय, आर्थिक क्षति | सबै वडा | |
| | | | | |
| सर्पदंश | प्रत्येक वर्ष | मानवीय | सबै वडा र बढी मात्रामा १०, ११ र १२ | |
| भूकम्प | २०७२ वैशाख १२ | आर्थिक, सामाजिक, मानिसक, भौतिक क्षति | १२ वडाभर | |

२.३.२ प्रकोप पहिचान, नक्साङ्कन तथा स्तरीकरण :

२.३.२.१ वडा स्तरीय प्रकोप स्तरीकरण

क) नगरपालिकामा हुने प्रकोपका घटना मध्य मुख्यरूपमा बाढी तथा डुबान र अन्य विपद् जोखिमको विश्लेषण गरी मानवीय सहयोग वा प्रतिकार्यका दृटिले वडा स्तरीय संकटासन्नता स्तरीकरण गरिएको छ । वडाको अवस्थाको लेखाजोखा गर्दा विपद्जन्य जोखिमको अवस्था देहाय अनुसार छ ।

| प्रकोप | जोखिममा रहेका वडाहरू | | |
|---|---|---|---|
| | उच्च जोखिममा | मध्यम जोखिम | न्यून जोखिम |
| बाढी र डुबान | वडा नं. १, २, ३, ४, ८, ९, १२ | वडा नं. ७, ११, १० | वडा नं. ५, ६ |
| बालीमा लाग्ने रोगकिरा | वडा नं. १, २, ३, ४, ६, ७, ९ | वडा नं. ५, ८, ११, १२, १० | |
| शीतलहर | वडा नं. ६, ८ | वडा नं. ५, ७, ९, ११ | वडा नं. १, २, ३, ४, १२, १० |
| हावाहुरी | वडा नं. १, २, ३, ७, ८, ११, १२ | वडा नं. ४, ६, ९, १० | वडा नं. ५ |
| असिना | वडा नं. ७, ८ | वडा नं. ४, ६ | वडा नं. १, २, ३, ५, ९, ११, १२, १० |
| आगलागी | वडा नं. १, २, ३, ६, ७, ११ | वडा नं. ४, ५, ८, ९, १२ | १० |
| सुक्खा खडेरी | वडा नं. ५ | वडा नं. १, २, ३, ४, ६, ८, १२, १० | वडा नं. ७, ९, ११ |
| चट्याङ | | वडा नं. १, २, ३, १० | वडा नं. ४, ५, ६, ७, ८, ९, ११, १२ |
| जंगली जनावर आतंक | वडा नं. १, २, ३, ५, ९ | | वडा नं. ४, ६, ७, ८, ११, १२, १० |
| महामारी | वडा नं. १, २, ३, ४, ५, ९, ११, १२ | वडा नं. ६, ७, १० | वडा नं. ८ |
| सडक दुर्घटना | वडा नं. ५, ६ | वडा नं. १, २, ३ | वडा नं. ४, ७, ८, ९, ११, १२, १० |
| सर्पदंश | वडा नं. ११, १२ | १० | वडा नं. १, २, ३, ४, ५, ६, ७, ८, ९ |
| भूकम्प | वडा न. १ देखि १२ सम्म | | |

२.३.२.२ पालिका स्तरीय प्रकोप पहिचान, नक्साङ्कन तथा स्तरीकरण :

| प्रकोप | बाढी | बालीमा रोगकिरा | शीतलहर | हावाहुरी | असिना | आगलागी | सुक्खा खडेरी | चट्याङ | जंगली जनावर आतंक | महामारी | सडक दुर्घटना | सर्पदंश |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| बाढी | | बाढी | बाढी | बाढी | बाढी | बाढी | बाढी | बाढी | बाढी | बाढी | बाढी | बाढी |
| बालीमा लाग्ने रोगकिरा | | | शीतलहर | हावाहुरी | बालीमा लाग्ने रोगकिरा | आगलागी | बालीमा लाग्ने रोगकिर | बालीमा लाग्ने रोगकिरा | बालीमा लाग्ने रोगकिरा | महामारी | सडक दुर्घटना | बालीमा लाग्ने रोगकिरा |
| शीतलहर | | | | हावाहुरी | शीतलहर | आगलागी | शीतलहर | शीतलहर | शीतलहर | महामारी | सडक दुर्घटना | शीतलहर |
| हावाहुरी | | | | | हावाहुरी | आगलागी | हावाहुरी | हावाहुरी | हावाहुरी | महामारी | सडक दुर्घटना | हावाहुरी |
| असिना | | | | | | आगलागी | सुक्खा खडेरी | चट्याङ | असिना | महामारी | सडक दुर्घटना | सर्पदंश |
| आगलागी | | | | | | | आगलागी | आगलागी | आगलागी | महामारी | सडक दुर्घटना | आगलागी |
| सुक्खा खडेरी | | | | | | | | सुक्खा खडेरी | सुक्खा खडेरी | महामारी | सडक दुर्घटना | सर्पदंश |
| चट्याङ | | | | | | | | | चट्याङ | महामारी | सडक दुर्घटना | सर्पदंश |
| जंगली जनावर आतंक | | | | | | | | | | महामारी | सडक दुर्घटना | सर्पदंश |

| प्रकोप | बाढी | बालीमा रोगकिरा | शीतलहर | हावाहुरी | असिना | आगलागी | सुक्खा खडेरी | चट्याङ | जंगली जनावर आतंक | महामारी | सडक दुर्घटना | सर्पदंश |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| महामारी | | | | | | | | | | | सडक दुर्घटना | महामारी |
| सडक दुर्घटना | | | | | | | | | | | | सडक दुर्घटना |
| अंकभार | ११ | ५ | ६ | ७ | १ | ८ | ३ | २ | ० | ९ | १० | ४ |
| स्तर | १ | ७ | ६ | ५ | ११ | ४ | ९ | १० | १२ | ३ | २ | ८ |

उच्च जोखिममाः भूकम्प, बाढी, आगलागी, महामारी, सडक दुर्घटना

मध्यम जोखिमः  भूकम्प, हावाहुरी, शीतलहर, बालीमा लाग्ने रोगकिरा, सर्पदंश

न्यून जोखिमः भूकम्प, असिना, सुक्खा खडेरी, चट्याङ, जंगली जनावर आतंक

२.३.३ विपद्को आवृत्ति र गम्भीरता

यस नगरपालिकामा विगत तीस वर्षयताका विपद्हरूको आवृत्ति र गम्भीरताको संक्षिप्त विवरण तलको तालिकामा प्रस्तुत गरिएको छ।

| विपद् | आवृत्ति (Frequency) | गम्भीरता (Intendity) | कैफियत |
|---|---|---|---|
| बाढी र डुबान | धेरै | धेरै | मुख्य नदीहरूमा पानीको बहाव बढेसँगै वर्षेनि डुबान, कटान, पटानको समस्या रहेकाले क्षति हुने गरेको। |
| बालीमा लाग्ने रोगकिरा | धेरै | मध्यम | |
| शीतलहर | मध्यम | मध्यम | बिषालु किसिमको शीतले प्रायः सबैजसो वर्षहरूमा खेतिबाली नष्ट गर्ने गरेको छ। |
| हावाहुरी | मध्यम | मध्यम | निश्चित महिनामा |
| असिना | न्यून | न्यून | निश्चित महिनामा |
| आगलागी | धेरै | धेरै | पक्की घरको संख्या बढेसँगै आगलागीको प्रकोपमा कमी आउनुका साथै जनचेतनाको कारणले पनि वन क्षेत्रमा लाग्ने आगलागी कमी भएको छ। |
| सुक्खाखडेरी | थोरै | मध्यम | प्रायः वर्षहरूमा खेती लगाउने समयमा सुक्खा खडेरीको समस्या रहेको छ। |
| चट्याङ | थोरै | धेरै | निश्चित महिनामा |
| जंगली जनावर आतंक | थोरै | धेरै | |
| सडक दुर्घटना | धेरै | धेरै | |
| सर्पदंश | थौरै | धेरै | |
| **भूकम्प** | थौरै | धेरै | |

## २.४ सम्भाव्य प्रकोप तथा सम्भावित प्रभाव क्षेत्र।

यस नगरपालिकाका १२ वटा वडाका ८६ वटा प्रमुख टोल र वस्तीहरूका साथै ५० भन्दा बढी सहायक वस्तीमा रहेको करिब ८५० हेक्टर जमिन भूक्षय, बाढी तथा पहिरोको प्रकोपका कारण निकै संवेदनशील रहेको छ। वर्षेनि जाने बाढीका कारण दक्षिण क्षेत्रको ठूलो भूभाग क्षतिग्रस्त हुँदै गएको अवस्था छ। विश्वव्यापी रूपमा फैलिएको

महामारी कोभिड १९ बाट समेत यो नगरपालिका प्रभावित छ । बाढी र डुबानसँगै भूकम्प, हावाहुरी, शीतलहर, असिना, खडेरी तथा जंगली जनावर आतंकबाट यस नगरपालिकामा क्षति हुने देखिन्छ ।

## २.५ प्रकोपहरूको सम्भाव्य जोखिम विश्लेषण

यस नगरपालिकामा रहेका घरहरूको बनोट हेर्दा ७/८ रेक्टर स्केल म्याग्निच्युडको भूकम्प भएमा कम्तिमा ६३.५४ प्रतिशत घरधुरीका घरहरू माटो, ढुङ्गाबाट निर्माण भएकाले फेरि प्रयोग गर्न नमिल्ने गरी क्षति हुने आँकलन गरिएको छ । यस क्षेत्रमा प्रमुख नदीहरू गोदावरी नदी, खुटिया नदी, खैराना नदी र अन्य साना नदीका बाढीले विभिन्न वर्षमा धेरै क्षति गरेको देखिन्छ । अव्यवस्थित बसोवास तथा कमजोर भौतिक संरचना निर्माणको क्रम बढ्दै गएकाले यसबाट पनि थप जोखिम बढ्ने देखिन्छ । तसर्थ कम्तिमा पनि २,१९३ भन्दा बढी घरधुरीका करिब ११,४७० जनसंख्याका लागि आपत्कालीन व्यवस्थान गर्न सक्ने गरी बाढीका कारण हुने विपद्का लागि पूर्वतयारी तथा प्रतिकार्य योजना बनाउनु आवश्यक देखिन्छ ।

**स्रोतः नगर वस्तुगत पार्श्वचित्र, २०७६**

हरेक वर्ष सुक्खा खडेरी लगातार बढ्दै गएमा अन्नपात उत्पादनमा समेत समस्या बढ्दै जाने देखिन्छ । विकास र जीविकोपार्जनका लागि गरिने क्रियाकलापहरूमा जोखिम न्यूनीकरण गर्न, उत्थानशील क्षमता वृद्धि गर्ने र जलवायु परिवर्तनका असरको सामना गर्न अनुकूलन हुने गरी विपद् पूर्वतयारी तथा प्रतिकार्यका क्रियाकलापहरू सञ्चालन गर्नुपर्ने आवश्यक रहेको देखिन्छ ।

## २.६ पूर्व सूचना प्रणालीको अवस्था

यस नगरपालिकामा बाढी र अन्य प्रकोपमा आधारित पूर्वसूचना प्रणाली स्थापना गरिएको छैन तर स्थानीय आपत्कालीन कार्यसञ्चालन केन्द्रको जिल्ला, प्रदेश तथा राष्ट्रिय आपत्कालीन कार्यसञ्चालन केन्द्रमा सम्पर्क स्थापित गरी सूचना आदानप्रदान गर्ने गरिएको छ ।

## २.७ नीतिगत, कानुनी तथा कार्य जिम्मेवारी

यस नगरपालिकाको विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन २०७५ को आधारमा स्थानीय विपद् व्यवस्थापन समिति गठन गरिएको छ । समितिमा हाल रहेका पदाधिकारीहरूको विवरण अनुसूची ८ मा संलग्न छ । यस नगरपालिकामा वातावरण तथा विपद् व्यवस्थापन शाखा, एकाइ स्थापना गरिएको छ । १२ वटा वडामा वडास्तरीय विपद् व्यवस्थापन समिति गठन गरिएको छ । यस नगरपालिकामा विपद् व्यवस्थापन कोष स्थापना गरिएको छ । सो कोषमा आर्थिक वर्ष २०७८ मा नगरपालिका र अन्य स्रोतबाट गरी रकम रु. १ करोड २८ लाख

८० हजार जम्मा भएको छ। कोष सञ्चालन तथा परिचालनका लागि स्थानीय विपद् व्यवस्थापन कोष सञ्चालन कार्यविधि, २०७५, आपत्कालीन कार्य सञ्चालन केन्द्र कार्य सञ्चालन कार्यविधि, २०७७, बाढी पूर्वतयारीका लागि आवास कार्य सञ्चालन कार्यविधि, २०७७ र विपद् जोखिम न्यूनीकरण स्थानीय कार्यमञ्चको सञ्चालन मार्गदर्शन, २०७७ तर्जुमा गरी अनुमोदन समेत गरेको छ। यस बाहेक नगरपालिकामा विपद् व्यवस्थापन सम्बन्धी नीति, नियम, आवश्यक मार्गदर्शन बन्ने क्रममा रहेका छन्।

## २.८ विषयक्षेत्र तथा कार्य जिम्मेवारी

यस नगरपालिकाले विपद् पूर्वतयारी तथा प्रतिकार्य योजना तर्जुमा र कार्यान्वयनका लागि देहाय बमोजिमका ८ वटा विषयक्षेत्र निर्धारण गरी देहाय बमोजिम कार्य जिम्मेवारी प्रदान गरेको छ।

१. समग्र व्यवस्थापन, सूचना, खोज तथा उद्धार क्षेत्र

२. खाद्य तथा कृषि क्षेत्र

३. स्वास्थ्य तथा पोषण क्षेत्र

४. खानेपानी, सरसफाइ तथा स्वच्छता प्रवर्द्धन क्षेत्र

५. आपत्कालीन आश्रय तथा गैर-खाद्य सामग्री क्षेत्र

६. संरक्षण तथा सुरक्षा क्षेत्र

७. आपत्कालीन शिक्षा क्षेत्र

८. शीघ्र पुनर्लाभ क्षेत्र

विषयगत क्षेत्रका प्रमुख उद्देश्य देहाय अनुसार छन्।

१. क्षेत्रगत रूपमा मानवीय सहयोगलाई प्रभावकारी बनाउने।

२. आपत्कालीन पूर्वतयारीलाई चुस्त र कार्यान्वयन योग्य बनाउने।

३. क्षेत्रगत समस्याको लेखाजोखा र समाधानका उपायको लागि विशेषज्ञ परिचालन गर्नु।

४. समन्वय र साझेदारी अभिवृद्धि गर्नु

५. क्षेत्रगतलत्रान, सीप र प्रविधिको प्रभावकारी कार्यान्वयन गर्न

### २.८.१ समग्र व्यवस्थापन, सूचना, खोज तथा उद्धार क्षेत्र:

समग्र व्यवस्थापन, सूचना, खोज तथा उद्धार क्षेत्रले अन्य ७ विषयगत क्षेत्रको प्रतिकार्य क्रियाकलापलाई आवश्यक पर्ने बन्दोबस्ती सम्बन्धी सहयोग व्यवस्थापन गर्नेछ। आकस्मिक ढुवानी, यातायात सञ्चालन, राहत वितरण, उद्धार र अन्य सहयोगका लागि यो क्षेत्रले कार्य गर्नेछ। यसैगरी नगरपालिकामा रहेका सरकारी र सार्वजनिक

यातायातका साधनहरूको सूची तयार गर्ने छ, साथै विपद्को समयमा सम्पूर्ण सरोकारवालाहरूसँग समन्वय कायम गर्ने, विपद्को अवस्था आउनसक्ने पूर्वसूचना प्राप्त भएपछि स्थानीय सञ्चारमाध्यमबाट सूचना सम्प्रेषण गर्ने, प्रकोपको कारण समस्यामा परिरहेका वा घाइतेलाई उद्धार गर्ने, हराएकाहरूको खोजी गर्ने, मानिसको मृत्यु भएमा सनाखत गरी शव व्यवस्थापन वा हस्तान्तरणको प्रबन्ध मिलाउने, पीडितहरूलाई राहत वितरण गर्ने जस्ता जिम्मेवारी निर्वाह गर्नेछ ।

**समग्र व्यवस्थापन, सूचना, खोज तथा उद्धार क्षेत्रका सम्पर्क व्यक्तिको विवरण ।**

| क्र.सं | संस्था/कार्यालय | प्रमुख सम्पर्क व्यक्ति | सम्पर्क नं. |
|---|---|---|---|
| १ | वातावरण तथा विपद् व्यवस्थापन शाखा प्रमुख, गोदावरी न.पा. | मार्शल खड्का | ९८६५९६०५५५ |
| २ | सूचना शाखा प्रमुख, गोदावरी न.पा. | राजु दहित चौधरी | ९८४८४६४१७९ |
| ३ | मलाखेती इलाका प्रहरी, अत्तरिया | प्रतिनिधि | |

२.८.२ खाद्य तथा कृषि क्षेत्र

यो विषय क्षेत्रले विपद्को अवस्थामा प्रभावितहरूलाई तत्काल खानेकुराको स्फेयर मापदण्ड अनुसार व्यवस्था गर्ने, खानेकुरा पकाउनका लागि आवश्यक प्रबन्ध मिलाउने र कृषि र पशु क्षेत्रमा भएको क्षति विवरण तयार गर्ने जिम्मेवारी निर्वाह गर्नेछ ।

**खाद्य तथा कृषि क्षेत्रका सम्पर्क व्यक्तिका विवरण**

| क्र.सं | संस्था/कार्यालय | प्रमुख सम्पर्क व्यक्ति | सम्पर्क नं. |
|---|---|---|---|
| १ | कृषि शाखा प्रमुख, गोदावरी न.पा. | वासुदेव भट्टराई | ९८४८७२६६०९ |
| २ | जिन्सी शाखा प्रमुख, गोदावरी न.पा. | गणेशराज पनेरु | ९८४८७२५६३१ |

२.८.३ स्वास्थ्य तथा पोषण क्षेत्र

स्वास्थ्य तथा पोषण क्षेत्रले विपद्मा घाइते भएकाहरूलाई प्राथमिक उपचार गर्ने, महामारी हुनबाट बचाउने विधिहरू अवलम्बन गर्ने, शिविरमा उपचार गर्न नसकिने प्रकृतिका स्वास्थ्य समस्या भएका बिरामी वा घाइतेलाई अस्पतालसम्म पुऱ्याई स्वास्थ्य उचारको सुनिश्चितता गर्ने, महिला तथा बालबालिकामा पोषणको कमी भएमा

त्यसबाट हुन सक्ने समस्याबारे प्रभावित र सरोकारवालालाई सचेत गर्ने जस्ता जिम्मेवारी निर्वाह गर्नेछ । साथै यस विषय क्षेत्रले कोभिड १९ लगायतका संक्रमण, रोकथाम र व्यवस्थापनको कार्य समेत गर्नेछ ।

**स्वास्थ्य तथा पोषण क्षेत्रका सम्पर्क व्यक्तिका विवारण ।**

| क्र.सं | संस्था/कार्यालय | प्रमुख सम्पर्क व्यक्ति | सम्पर्क नं. |
|---|---|---|---|
| १ | स्वास्थ्य शाखा प्रमुख, गोदावरी न.पा. | नवराज अवस्थी | ९८४८४८५९३० |
| २ | निड्स नेपाल | प्रतिनिधि | |
| ३ | सुहाराहा | प्रतिनिधि | |

२.८.४ खानेपानी, सरसफाइ तथा स्वच्छता प्रवर्द्धन क्षेत्र

यस विषयक्षेत्रले विपद्को अवस्थामा खानेपानी आपूर्ति गर्ने, विपद्का कारण ढलेका बोटविरुवा हटाउने, विपद्जन्य घटनाबाट सिर्जित फोहोर सरसफाइ गर्ने, मरेका पशुपक्षीको व्यवस्थापन गर्ने, व्यक्तिगत सरसफाइका लागि स्वच्छता सम्बन्धी सरसामानहरू (जस्तै हाइजिन किट, पीयूष, क्लोरिन, डस्टबिन) उपलब्ध गराउने जिम्मेवारी निर्वाह गर्नेछ ।

**खानेपानी, सरसफाइ तथा स्वच्छता प्रवर्द्धन क्षेत्रका सम्पर्क व्यक्तिका विवारण ।**

| क्र.सं | संस्था/कार्यालय | प्रमुख सम्पर्क व्यक्ति | सम्पर्क नं. |
|---|---|---|---|
| १ | योजना शाखा प्रमुख, गोदावरी न.पा. | पूर्ण कुँवर | ९८५११८४७४८ |
| २ | फोहोरमैला व्यवस्थापन एकाइ, गोदावरी न.पा. | प्रमलसिंह महरा | ९८४८७३९९८२ |

२.८.५ आपत्कालीन आश्रय तथा गैर-खाद्य सामग्री क्षेत्र

आपत्कालीन आश्रय तथा गैर खाद्य सामग्री क्षेत्रले विपद्का कारण घरमा क्षति पुगी बस्न नसक्ने अवस्थामा रहेका प्रभावितहरूका लागि आपत्कालीन आश्रय वा अस्थायी संरचना निर्माण गर्ने, प्रभावितहरूलाई त्रिपाल, भाँडाकुँडा, लत्ताकपडा जस्ता गैर खाद्य सामग्री वितरण गर्ने जिम्मेवारी निर्वाह गर्नेछ ।

**आपत्कालीन आश्रय तथा गैर-खाद्य सामग्री क्षेत्रका सम्पर्क व्यक्तिका विवारण ।**

| क्र.सं | संस्था/कार्यालय | प्रमुख सम्पर्क व्यक्ति | सम्पर्क नं. |
|---|---|---|---|
| १ | जिन्सी शाखा प्रमुख, गोदावरी न.पा. | गणेशराज पनेरु | ९८४८७२५६३१ |

| | | | |
|---|---|---|---|
| २ | नेपाल रेडक्रस सोसाइटी, गोदावरी शाखा | भरत खड्का | ९८५८४२०८०२ |

२.८.६ संरक्षण तथा सुरक्षा क्षेत्र

यस विषयक्षेत्रले विपद्को समयमा महिला, गर्भवती महिला, सुत्केरी, अपाङ्गता भएका व्यक्तिहरू, शिशु, बालबालिका वृद्धवृद्धाहरूलाई संरक्षण गर्ने, उनीहरूको आवश्यकता बमोजिमका सरसामानहरू जस्तै : डिग्निटी किट, स्यानिटरी प्याड, खेलकुदका सामान आदि उपलब्ध गराउने, घरपरिवारका सदस्य गुमाएकाहरू तथा विपद्का कारण त्रसित व्यक्तिहरूलाई मनोसामाजिक परामर्श सेवा दिने र हिंसामुक्त वातावरण सिर्जना गर्ने जस्ता जिम्मेवारी निर्वाह गर्नेछ ।

**संरक्षण तथा सुरक्षा क्षेत्रका सम्पर्क व्यक्तिको विवरण ।**

| क.सं | संस्था/कार्यालय | प्रमुख सम्पर्क व्यक्ति | सम्पर्क नं. |
|---|---|---|---|
| १ | महिला विकास शाखा, गोदावरी न.पा. | गोदावरी खत्री | ९८४८४९७३६५ |
| २ | स्वास्थ्य शाखा प्रमुख, गोदावरी न.पा. | नवराज अवस्थी | ९८४८४८५९३० |
| ३ | शिक्षा शाखा प्रमुख, गोदावरी न.पा. | वसन्तकुमार खत्री | ९८५८४९१८९७ |

२.८.७ आपत्कालीन शिक्षा क्षेत्र

आपत्कालीन शिक्षा क्षेत्रले विपद्का कारण तीन दिनभन्दा बढी विद्यालय बन्द भएका विद्यार्थीहरूलाई आपत्कालीन शिक्षाको व्यवस्था गर्ने, प्रकोपले विद्यार्थीको पठनपाठनमा शैक्षिक सामग्री हराए वा क्षति पुऱ्याएमा सोको व्यवस्था गर्न र विद्यालयका शिक्षण सामग्री नष्ट भएमा पुनः व्यवस्थापन गर्ने जिम्मेवारी निर्वाह गर्नेछ ।

**आपत्कालीन शिक्षा क्षेत्रका सम्पर्क व्यक्तिको विवरण ।**

| क.सं | संस्था/कार्यालय | प्रमुख सम्पर्क व्यक्ति | सम्पर्क नं. |
|---|---|---|---|
| १ | शिक्षा शाखा प्रमुख, गोदावरी न.पा. | वसन्तकुमार खत्री | ९८५८४९१८९७ |
| २ | जिन्सी शाखा प्रमुख, गोदावरी न.पा. | गणेशराज पनेरु | ९८४८७२५६३१ |
| ३ | नेपाल रेडक्रस सोसाइटी, गोदावरी शाखा | भरत खड्का | ९८५८४२०८०२ |

गोदावरी नगरपालिका

२.८.८ शीघ्र पुनर्लाभ क्षेत्र

यस विषयक्षेत्रले विपद्का कारण अवरुद्ध हुन पुगेका अत्यावश्यक सेवाहरू (जस्तै : सडक, विद्युत्, खानेपानी, टेलिफोन) तत्काल सुचारु गर्ने र त्यस्ता सेवा प्रदान गर्ने निकाय वा कार्यालयहरूमा क्षति पुगेमा वैकल्पिक व्यवस्थापन गर्ने, आर्थिक अवस्था चलायमान बनाई जनजीवन सामान्य बनाउने जिम्मेवारी निर्वाह गर्नेछ ।

**शीघ्र पुनर्लाभ क्षेत्रका सम्पर्क व्यक्तिको विवरण ।**

| क.सं | संस्था/कार्यालय | प्रमुख सम्पर्क व्यक्ति | सम्पर्क नं. |
|---|---|---|---|
| १ | महाजित साउद | योजना शाखा प्रमुख, गोदावरी | सदस्य |
| २ | जिन्सी शाखा प्रमुख, गोदावरी न.पा. | गणेशराज पनेरु | ९८४८७२५६३१ |
| ३ | नेपाल रेडक्रस सोसाइटी, गोदावरी शाखा | भरत खड्का | ९८५८४२०८०२ |

# खण्ड-३: पूर्वतयारी तथा प्रतिकार्य योजना

## ३.१ सामान्य पूर्वतयारी योजना

विपद्को स्थितिमा प्रतिकार्य गतिविधिहरू समयमै कार्यान्वयन गर्न संस्थागत क्षमता लेखाजोखा गरी सोको तयारी आवधिक रूपमा अद्यावधिक गर्न जरुरी हुन्छ । सामान्य पूर्वतयारी सम्बन्धी कार्यहरूमा विपद् घटनाअगावै प्रायः सबै प्रकोपका लागि गनुपर्ने जोखिम न्यूनीकरण, पूर्वतयारी र विपद् प्रतिकार्य गर्न संस्थागत तथा भौतिक संरचना, मेशिन र औजार, सीप विकास, जनचेतना, कृत्रिम घटना अभ्यास जस्ता क्रियाकलापहरू समावेश गरिएका छन् । यस विपद् पूर्वतयारी तथा प्रतिकार्य योजना अद्यावधिक गर्नु पनि विपद् पूर्वतयारी कार्य नै हो । विपद् प्रतिकार्यका कार्यहरूलाई प्रभावकारी बनाउन विषय क्षेत्रगत रूपमा सामान्य पूर्वतयारीको कार्ययोजना देहाय बमोजिम हुने गरी तर्जुमा गरिएको छ :

३.१.१ समग्र व्यवस्थापन, सूचना, खोज तथा उद्धार क्षेत्रको सामान्य पूर्वतयारी योजना

विपद् घटनाअगावै प्राय: सबै प्रकोपका लागि गर्नुपर्ने समग्र व्यवस्थापन, सूचनासँग सम्बन्धित व्यवस्थापनका कार्यहरू, खोज तथा उद्धार क्षेत्रको सामान्य पूर्वतयारी र परिचालनमा गरिने व्यवस्थापन सम्बन्धी कार्यहरूको योजना देहाय अनुसार तर्जुमा गरिएको छ ।

| क.सं. | सामान्य पूर्वतयारीका कार्यहरू | समय | स्थान | परिमाण | मुख्य जिम्मेवार निकाय, |
|---|---|---|---|---|---|
| १ | विपद्को क्षति, नोक्सानी मूल्याङ्कनका लागि सर्वेक्षण टोली गठन वा पुनर्गठन गर्ने र आवश्यकता बमोजिम सर्वेक्षणका लागि सहायक टोलीहरू गठन गर्ने, तालिम आयोजना गर्ने । | हरेक सिजन शुरु हुनासाथ | नगरपालिका विपद् व्यवस्थापन शाखा | हरेक वडामा एक र नगर स्तरमा एक | नगर विपद् व्यवस्थापन समिति, समग्र व्यवस्थापन, सूचना, खोज तथा उद्धार क्षेत्र |
| २ | प्रारम्भिक द्रुत लेखाजोखा, क्षति लेखाजोखा गर्न विस्तृत घरधुरी सर्वेक्षण फारम तयार गर्ने । | चैत्र २०७८ | नगरपालिका स्तरमा | ७,००० प्रति | सामाजिक विकास शाखा र समग्र व्यवस्थापन, सूचना, खोज तथा उद्धार क्षेत्र |
| ३ | राहत वितरणका लागि सिफारिस फारम लगायतका कागजात तयार गर्ने । | वैशाख २०७९ | नगर स्तरमा | ७,००० प्रति | वातावरण तथा विपद् व्यवस्थापन शाखा र समग्र व्यवस्थापन, सूचना, खोज तथा उद्धार क्षेत्र |
| ४ | प्रकोपको प्रकृतिअनुसार खोज तथा उद्धारका लागि टोली गठन गर्ने, सम्बन्धित विषयको तालिम आयोजना गर्ने र परिचालन हुने प्रक्रिया निर्धारण गर्ने । | जेठ २०७९ | १ - १२ वडामा | हरेक वडामा एक | वातावरण तथा विपद् व्यवस्थापन शाखा, समग्र व्यवस्थापन, सूचना, खोज तथा |

| क.सं. | सामान्य पूर्वतयारीका कार्यहरू | समय | स्थान | परिमाण | मुख्य जिम्मेवार निकाय, |
|---|---|---|---|---|---|
| | | | | | उद्धार क्षेत्र |
| ५ | खोज तथा उद्धार सामग्रीहरू खरिद, भण्डारण, मर्मत र व्यवस्थापन गर्ने । | निरन्तर | वडा र नगर स्तरमा | हरेक वडामा कम्तिमा एक सेट | नगर विपद् व्यवस्थापन समिति, वडा विपद् व्यवस्थापन समितिहरू, समग्र व्यवस्थापन, सूचना, खोज तथा उद्धार क्षेत्र |
| ६ | खोज तथा उद्धारका लागि प्रयोग गर्न सकिने सवारीसाधनहरू र एम्बुलेन्सहरूको सम्पर्कसूची तयार गर्ने । | निरन्तर | नगर स्तरमा | एम्बुलेन्स | वातावरण तथा विपद् व्यवस्थापन शाखा, स्वास्थ्य केन्द्र/शाखा, समग्र व्यवस्थापन, सूचना, खोज तथा उद्धार क्षेत्र |
| ७ | बाढीबाट बच्न र बचाउन सुरक्षित स्थान पहिचान र अद्यावधिक गर्न हरेक वडामा वडास्तरीय विपद् व्यवस्थापन समितिलाई अनुरोध गर्ने र सोको सूची तयार एवं अद्यावधिक गर्ने । | निरन्तर | वडा अनुसार | वर्षमा १ पटक | वातावरण तथा विपद् व्यवस्थापन शाखा, सूचना, खोज तथा उद्धार क्षेत्र |
| ८ | आपत्कालीन अवस्थामा प्रयोग गर्ने स्थलहरूको सूची राजपत्रमा प्रकाशित भएपछि आश्रयस्थलका रूपमा प्रयोग गर्न चाहिने भौतिक पूर्वाधार र सेवाहरू निर्माण, विस्तार गर्ने | (तत्काल शुरु गर्नु पर्नेछ) | तोकिएको मापदण्ड अनुसार | एक योजना बनाएर | वातावरण तथा विपद् व्यवस्थापन शाखा, समग्र व्यवस्थापन, सूचना, खोज तथा उद्धार क्षेत्र |

| क्र.सं. | सामान्य पूर्वतयारीका कार्यहरू | समय | स्थान | परिमाण | मुख्य जिम्मेवार निकाय, |
|---|---|---|---|---|---|
| ९ | प्रकोपबाट समुदायलाई बचाउन आपत्कालीन आश्रय भवनहरू निर्माण गर्ने । | आवश्यकता अनुसार | हरेक वडामा जोखिममा रहेका समुदाय नजिक | २ वटा | नगरपालिका,सम्बन्धित वडा, सूचना, खोज तथा उद्धार क्षेत्र |
| १० | बाढी, जंगली जनावरको आक्रमण, शीतलहर, हावाहुरी, भूकम्प, चट्याङ, आगलागी आदि प्रकोपबाट समुदायमा पर्नसक्ने असर र सोबाट बच्ने उपायबारे जनचेतनामूलक कार्यक्रम सञ्चालन गर्ने । | निरन्तर | नगर स्तरमा सञ्चालित एफ.एम. मार्फत | सिजन शुरु हुनुभन्दा अगावै कम्तिमा २ पटक | वातावरण तथा विपद् व्यवस्थापन शाखा, वडा कार्यालय, समग्र व्यवस्थापन, सूचना, खोज तथा उद्धार क्षेत्र |
| ११ | मानिसको ज्यान लिनसक्ने किसिमका जंगली जनावरहरू (जस्तैः जंगली हात्ती) बस्तीमा प्रवेश गरेमा सम्बन्धित समुदायलाई सूचना दिने प्रणाली विकास गर्ने । | निरन्तर | वडा स्तरमा | हरेक वडामा १ वटा | वातावरण तथा विपद् व्यवस्थापन शाखा, वडा कार्यालय, समग्र व्यवस्थापन, सूचना, खोज तथा उद्धार क्षेत्र |
| १२ | खोज तथा उद्धारलाई प्रभावकारी बनाउन प्रकोपमा आधारित कृत्रिम घटना अभ्यास गर्ने, गराउने । | हरेक सिजन शुरु हुनुभन्दा अगाडि | वडा र नगरस्तरमा | मुख्य प्रकोपहरूमा आधारित रही हरेक वर्ष कम्तिमा १, १ पटक | नगर विपद् व्यवस्थापन समिति, समग्र व्यवस्थापन, सूचना, खोज तथा उद्धार क्षेत्र |

### ३.१.२ खाद्य तथा कृषि क्षेत्रको सामान्य पूर्वतयारी योजना

विपद्का घटनाअगावै प्रायः सबै प्रकोपका लागि गर्नुपर्ने खाद्य तथा कृषि क्षेत्रको सामान्य पूर्वतयारी सम्बन्धी कार्यहरूको योजना देहाय अनुसार तर्जुमा गरिएको छ :

| क्रस | सामान्य पूर्वतयारीका कार्यहरू | समय | स्थान | परिमाण | मुख्य जिम्मेवार निकाय, संस्था |
|---|---|---|---|---|---|
| १ | विपद्को अवस्थामा खाद्यान्न खरिद तथा आपूर्तिका लागि सम्भाव्य उद्योगहरू पहिचान गर्ने साथै सहयोग लिन सकिने कार्यालय, संस्थाहरूसँग समन्वय गर्ने । | निरन्तर | नगरपालिकाको क्षेत्रभित्र | आवश्यकता अनुसार वर्षको १ वा २ पटक | कृषि र पशु शाखा वा खाद्य तथा कृषि क्षेत्र । |
| २ | विपद्बाट प्रभावित हुनसक्ने जनसंख्याको आधारमा खाद्य सामग्री (चामल, दाल, तेल, नुन आदि) भण्डारण गर्ने | प्रकोपको सम्भावित समयअगावै | नगर स्तरमा | वर्षको २ पटक | कृषि र पशु शाखा वा खाद्य तथा कृषि क्षेत्र । |
| ३ | तयारी खानेकुराका लागि तत्काल खरिद गर्न सकिने गरी पसलहरू पहिचान गर्ने वा अनुबन्ध करार गर्ने | प्रकोपको सम्भावित समय अगावै | नगर स्तरमा | कम्तिमा २ वटा ठूला पसल वा उद्योग | कृषि र पशु शाखा वा खाद्य तथा कृषि क्षेत्र । |
| ४ | विपद्को समयमा खाद्य सामग्री वितरण गर्ने तौरतरिका /प्रक्रिया बारे विषयक्षेत्रका सदस्यहरूबीच छलफल तथा कृत्रिम घटना अभ्यास गर्ने | प्रकोपको सम्भावित समयअगावै | वडा स्तरमा | मुख्य प्रकोपको सम्भावित समय भन्दा पहिले कम्तिमा १ पटक | कृषि र पशु विकास शाखा वा खाद्य तथा कृषि क्षेत्र । |
| ५ | महामारी रोगविरुद्ध खोप | प्रकोपको सम्भावित समयअगावै<br>निरन्तर | नगरपालिका र सबै वडाहरूमा | प्राविधिक आवश्यकता तथा उपलब्धता अनुसार ( कम्तिमा १ पटक) | पशु विकास शाखा वा खाद्य तथा कृषि क्षेत्र । |
| ६ | पशु फार्म निर्माण गर्दा सुरक्षित | निरन्तर | नगरपालिका कुन | १ पटक | पशु विकास शाखा वा खाद्य |

| क्रस | सामान्य पूर्वतयारीका कार्यहरू | समय | स्थान | परिमाण | मुख्य जिम्मेवार निकाय, संस्था |
|---|---|---|---|---|---|
| | ठाउँको छनौट | | ठाउँ ? | | तथा कृषि क्षेत्र |

३.१.३ स्वास्थ्य तथा पोषण क्षेत्रको सामान्य क्षेत्रको पूर्वतयारी योजना

विपद् घटनाअगावै प्रायः सबै प्रकोपका लागि गर्नुपर्ने स्वास्थ्य तथा पोषण विषयक्षेत्रको सामान्य पूर्वतयारी सम्बन्धी कार्यहरूको योजना देहाय अनुसार तर्जुमा गरिएको छ ।

| क्र.स. | सामान्य पूर्वतयारीका कार्यहरू | समय | स्थान | परिमाण | मुख्य जिम्मेवार निकाय, संस्था |
|---|---|---|---|---|---|
| १ | विपद्को अवस्थामा खाद्यान्न खरिद तथा आपूर्तिका लागि सम्भाव्य उद्योगहरू पहिचान गर्ने साथै सहयोग लिन सकिने कार्यालय, संस्थाहरूसँग समन्वय गर्ने | निरन्तर | नगरपालिका | आवश्यकता अनुसार वर्षको १ वा २ पटक | कृषि र पशु शाखा वा स्वास्थ्य तथा पोषण क्षेत्रका सामान्य क्षेत्र । |
| २ | विपद्बाट प्रभावित हुनसक्ने जनसंख्याको आधारमा खाद्य सामग्री (चामल, दाल, तेल, नुन, आदि) भण्डारण गर्ने | प्रकोपको सम्भावित समयअगावै | नगर स्तर | वर्षको २ पटक | कृषि र पशु शाखा वा विषयगत क्षेत्र । |
| ३ | तयारी खानेकुराका लागि तत्काल खरिद गर्न सकिने गरी पसलहरू पहिचान गर्ने वा अनुबन्ध करार | प्रकोपको सम्भावित समयअगावै | नगरस्तर | कम्तिमा २ वटा ठूला पसल वा उद्योग | कृषि र पशु शाखा वा विषयगत क्षेत्र । |

| क.स. | सामान्य पूर्वतयारीका कार्यहरू | समय | स्थान | परिमाण | मुख्य जिम्मेवार निकाय, संस्था |
|---|---|---|---|---|---|
| | गर्ने | | | | |
| ४ | विपद्को समयमा खाद्य सामग्री वितरण गर्ने तौरतरिका /प्रक्रिया बारे विषयक्षेत्रका सदस्यहरूबीच छलफल तथा कृत्रिम घटना अभ्यास गर्ने | प्रकोपको सम्भावित समयअगावै | वडास्तर | मुख्य प्रकोपको सम्भावित समयभन्दा पहिले कम्तिमा १ पटक | कृषि र पशु विकास शाखा वा विषयगत क्षेत्र । |
| ५ | महामारी रोगविरुद्ध खोप | प्रकोपको सम्भावित समयअगावै निरन्तर | नगरपालिका | प्राविधिक आवश्यकता तथा उपलब्धता अनुसार (कम्तिमा १ पटक) | पशु विकास शाखा वा विषयगत क्षेत्र । |
| ६ | पशु फार्म निर्माण गर्दा सुरक्षित ठाउँको छनौट | निरन्तर | नगरपालिका | १ पटक | पशु विकास शाखा वा विषयगत क्षेत्र |

३.१.४ खानेपानी, सरसफाइ तथा स्वच्छता प्रवर्द्धन क्षेत्रको सामान्य पूर्वतयारी योजना

विपद् घटनाअगावै सबै प्रकोपका लागि गर्नुपर्ने खानेपानी, सरसफाइ र स्वच्छता विषयक्षेत्रको सामान्य पूर्वतयारी सम्बन्धी कार्यहरूको योजना देहाय अनुसार तर्जुमा गरिएको छ ।

| क स | सामान्य पूर्वतयारीका कार्यहरू | समय | स्थान | परिमाण | मुख्य जिम्मेवार निकाय, संस्था |
|---|---|---|---|---|---|
| १ | विपद्को समयमा खानेपानी शुद्धीकरणका लागि आवश्यक पर्ने क्लोरिन, पीयूष | प्रकोपको सम्भावित समयअगावै | नगर स्तरको भण्डारकक्ष / | वर्षमा कम्तिमा १ पटक ६०,००० चक्की SPHERE | स्वास्थ्य निरीक्षक र स्वास्थ्य संस्था, खानेपानी उपभोक्ता |

| क स | सामान्य पूर्वतयारीका कार्यहरू | समय | स्थान | परिमाण | मुख्य जिम्मेवार निकाय, संस्था |
|---|---|---|---|---|---|
| | जस्ता औषधिको उचित भण्डारण गर्ने | | शाखा | मापदण्ड अनुसार भण्डारण गर्ने । | समिति |
| २ | सरसफाइका लागि आवश्यक पर्ने सामग्री तथा उपकरणहरू उपयुक्त ठाउँमा भण्डारण गर्ने | प्रकोपको सम्भावित समयअगावै | नगर स्तरमा | वर्षमा कम्तिमा १ पटक | स्वास्थ्य निरीक्षक र खानेपानी तथा सरसफाइ विषयक्षेत्र |
| ३ | खानेपानी ओसार्ने, जम्मा गर्ने र वितरण गर्ने साधनहरू मर्मत सम्भार गरी चालू अवस्थामा राख्ने ।<br>खानेपानी वितरण ट्यांकर खरिद गरी पानी ढुवानी सुनिश्चित गर्ने । | प्रकोपको सम्भावित समयअगावै | नगर स्तरमा | वर्षमा कम्तिमा १ पटक | स्वास्थ्य निरीक्षक र खानेपानी तथा सरसफाइ विषयक्षेत्र, जिन्सी शाखा |
| ४ | आपत्कालीन अवस्थामा प्रयोग गर्न सकिने खानेपानीका स्रोतहरू जस्तै उच्चो हाते धारा पहिचान र संरक्षण गर्ने | निरन्तर | वडा तथा समुदाय स्तरमा<br>टोलसुधार समिति र आमा समूह | हरेक प्रभावित वडाहरू | स्वास्थ्य निरीक्षक र पूर्वाधार विकास शाखा, वडा कार्यालय तथा स्थानीय समुदाय, टोल सुधार समिति |
| ५ | बाढी निकास र कुला कुलेसाहरू सफा रहेको सुनिश्चित गर्ने र संवेदनशील संरचनाको मजबुतीको नियमित लेखाजोखा गर्ने । | निरन्तर | वडा तथा समुदाय स्तरमा र<br>नगरस्तरमा | प्रभावित प्रत्येक वडाहरू | स्वास्थ्य निरीक्षक र पूर्वाधार विकास शाखा, वडा कार्यालय तथा स्थानीय समुदाय, पूर्वाधार विकास तथा योजना शाखा, सुरक्षानिकाय, टोल सुधार |

| क स | सामान्य पूर्वतयारीका कार्यहरू | समय | स्थान | परिमाण | मुख्य जिम्मेवार निकाय, संस्था |
|---|---|---|---|---|---|
| ६ | पानी शुद्धीकरणका सामग्रीहरू अक्वागार्ड, पीयूष, खरिद गरी भण्डारण गर्ने | निरन्तर | वडा तथा समुदाय स्तरमा | हरेक प्रभावित वडाहरू | स्वास्थ्य निरीक्षक र पूर्वाधार विकास शाखा, वडा कार्यालय तथा स्थानीय समुदाय, नगरपालिका खरिद समिति |
| ७ | पानी फिल्ट्रेशन गर्ने सामग्री वा मेशिनको व्यवस्था तथा भण्डारण गर्ने । | निरन्तर | वडा तथा समुदाय स्तरमा | हरेक प्रभावित वडाहरू | स्वास्थ्य निरीक्षक र टोल सुधार समिति पूर्वाधार विकास शाखा, वडा कार्यालय तथा स्थानीय समुदाय |
| ८ | पोलिथिन पाइप खरिद गरी भण्डारण गर्ने । | निरन्तर | वडा तथा समुदाय स्तरमा | हरेक प्रभावित वडाहरू | जनस्वास्थ्य निरीक्षक र पूर्वाधार विकास शाखा, वडा कार्यालय तथा स्थानीय समुदाय, टोल सुधार समिति, न.पा., जिन्सी शाखा, खरिद समिति |
| ९ | आकस्मिक अवस्थामा प्रयोग हुन सक्ने ट्यांकीको व्यवस्था गर्ने । | निरन्तर | वडा तथा समुदाय स्तरमा | हरेक प्रभावित वडाहरू | स्वास्थ्य निरीक्षक, पूर्वाधार विकास शाखा, वडा कार्यालय तथा स्थानीय समुदाय, टोल सुधार समिति, न.पा., |

| क स | सामान्य पूर्वतयारीका कार्यहरू | समय | स्थान | परिमाण | मुख्य जिम्मेवार निकाय, संस्था |
|---|---|---|---|---|---|
| | | | | | खा.पा.उ.स., जिन्सी शाखा, खरिद समिति, नेपाल रेडक्रस |
| १० | मिनरल वाटर जारको पानी हुन सक्ने पसलको पहिचान गरी राख्ने । | निरन्तर | वडा तथा समुदाय स्तरमा | हरेक प्रभावित वडाहरू | जनस्वास्थ्य निरीक्षक र पूर्वाधार विकास शाखा, वडा कार्यालय, उद्योग वाणिज्य संघ, रेडक्रस तथा स्थानीय समुदाय |
| ११ | हाइजिन किटको व्यवस्था गर्ने । | निरन्तर | वडा तथा समुदाय स्तरमा | हरेक प्रभावित वडाहरू | स्वास्थ्य निरीक्षक र पूर्वाधार विकास शाखा, वडा कार्यालय, उद्योग वाणिज्य संघ, संघ संस्था तथा स्थानीय समुदाय |
| १२ | अस्थायी प्यानको व्यवस्था गर्ने । | निरन्तर | वडा तथा समुदाय स्तरमा | हरेक प्रभावित वडाहरू | स्वास्थ्य निरीक्षक र पूर्वाधार विकास शाखा, वडा कार्यालय, उद्योग वाणिज्य संघ, तथा स्थानीय समुदाय, नगरपालिका खरिद समिति |
| १३ | र्‍यापिड रेसपन्स टिम (इन्जिनियर, ओभरसियर र प्लम्बरको) तयार गर्ने । | निरन्तर | वडा तथा समुदाय स्तरमा | हरेक प्रभावित वडाहरू | स्वास्थ्य निरीक्षक र पूर्वाधार विकास शाखा, वडा कार्यालय तथा |

| क स | सामान्य पूर्वतयारीका कार्यहरू | समय | स्थान | परिमाण | मुख्य जिम्मेवार निकाय, संस्था |
|---|---|---|---|---|---|
| | | | | | स्थानीय समुदाय, सिंचाइ र खानेपानी कार्यालयको समन्वयमा |
| १४ | पानी सेवा प्रवाह गर्ने संस्थासँग पहिले नै आकस्मिक समयमा पानी सेवा प्रवाह बारे सम्झौता गर्ने । | निरन्तर | वडा तथा समुदाय स्तरमा | हरेक प्रभावित वडाहरू | स्वास्थ्य निरीक्षक पूर्वाधार विकास शाखा, वडा कार्यालय तथा स्थानीय समुदाय |
| १५ | जनचेतना फैलाउने दक्ष जनशक्ति तयबार गर्ने । | निरन्तर | वडा तथा समुदाय स्तरमा | हरेक प्रभावित वडाहरू | स्वास्थ्य निरीक्षक र पूर्वाधार विकास शाखा, वडा कार्यालय तथा स्थानीय समुदाय |
| १६ | फोहोरमैला व्यवस्थापन गर्ने, फोहोरमैला व्यवस्थापन गर्ने ठाउँ निर्धारण गर्ने । | तोकिएको स्थानमा फोहोर राख्ने | | | |
| १७ | प्राविधिकहरूको नाम र नम्बर सहितको टेलीफोन डायरी अद्यावधिक गर्ने । | थप गर्ने । | | | |

### ३.१.५ आपत्कालीन आश्रय तथा गैर-खाद्य सामग्री क्षेत्रको सामान्य पूर्वतयारी योजना

विपद् घटनाअगावै सबै प्रकोपका लागि गर्नुपर्ने आपत्कालीन आश्रयस्थल र गैरखाद्य सामग्री विषयक्षेत्रको सामान्य पूर्वतयारी सम्बन्धी कार्यहरूको योजना देहाय अनुसार तर्जुमा गरिएको छ ।

| क स | सामान्य पूर्वतयारीका कार्यहरू | समय | स्थान | परिमाण | मुख्य जिम्मेवार निकाय, संस्था |
|---|---|---|---|---|---|
| १ | विपद् प्रभावितहरूका लागि अस्थायी आश्रय वा वासको व्यवस्था गर्न आवश्यक सरसामान तथा औजारहरूको बन्दोबस्ती गर्ने । | विपद् हुन सक्ने सम्भावित समयअगावै । | सबै वडामा | वडाको कुल जनसंख्याको कम्तिमा १० प्रतिशत जनसंख्यालाई पुग्ने | स्टोरकिपर, शहरी विकास तथा भवन निर्माण तथा वडा कार्यालयको सहयोगमा पूर्वाधार विकास शाखा, नेपाल रेडक्रस सोसाइटी |
| २ | सम्भावित आपत्कालीन अवस्था आइपरेमा तुरुन्त खरिद गर्न सकिने गरी अनुबन्ध करार गर्ने । | आवश्यकता अनुसार | थोक विक्रेता, खुद्रा विक्रेता, सहकारी, ठूला कृषक | १४,९१५ परिवारका लागि | वि. व्य. समिति, नगरपालिका, कृषि शाखा, नेपाल रेडक्रस सोसाइटी |
| ३ | अस्थायी आश्रयस्थल बनाउन सुविधायुक्त खुला क्षेत्रको व्यवस्थापन र संरक्षण गर्ने । | निरन्तर | सबै वडामा<br>जनघनत्व अनुसार | वडाको कुल जनसंख्याको कम्तीमा १०-२० प्रतिशत जनसंख्यालाई पुग्ने | शखा अधिकृत, वि. व्य. समिति, पूर्वाधार विकास शाखा र वडा कार्यालय |
| ४ | गैर-खाद्य सामग्री सेटहरू भण्डारण गर्ने । | निरन्तर | गाउँनगर स्तर गोदामघरहरू | कम्तिमा २५० परिवारका लागि | वि. व्य. समिति, नगरपालिका, कृषि शाखा नेपाल रेडक्रस सोसाइटी, विषयक्षेत्र |
| ५ | विपद् प्रभावित स्थान वा खुला क्षेत्रमा शिविर सञ्चालन गर्ने | आवश्यकता अनुसार | नगर स्तर | आवश्यकता अनुसार | वि. व्य. समिति, वातावरण तथा विपद् |

| क स | सामान्य पूर्वतयारीका कार्यहरू | समय | स्थान | परिमाण | मुख्य जिम्मेवार निकाय, संस्था |
|---|---|---|---|---|---|
| | स्थानमा सवारीसाधनको प्रबन्ध गर्ने । | | | | व्यवस्थापन शाखा, विषयक्षेत्र |
| ६ | अस्थायी आश्रय वा वास निर्माणका लागि टोली गठन गर्ने र दक्षता अभिवृद्धिका लागि कृत्रिम घटना अभ्यास गर्ने | मनसुन शुरु हुनुभन्दा अगाडि | वडा स्तर | हरेक वडामा | वि. व्य. समिति, वातावरण तथा विपद् व्यवस्थापन शाखा, वडा कार्यालय, विषय क्षेत्र |

३.१.६ संरक्षण तथा सुरक्षा क्षेत्रको सामान्य पूर्वतयारी योजना

विपद् घटनाअगावै सबै प्रकोपका लागि गर्नुपर्ने संरक्षण तथा विषयक्षेत्रको सामान्य पूर्वतयारी सम्बन्धी कार्यहरूको योजना देहाय अनुसार तर्जुमा गरिएको छ ।

| क्रस | सामान्य पूर्वतयारीका कार्यहरू | समय | स्थान | परिमाण | मुख्य जिम्मेवार निकाय, संस्था |
|---|---|---|---|---|---|
| १ | महिला, बालबालिका, किशोरी, अपांगता भएका व्यक्ति र ज्येष्ठ नागरिक, लैंगिक तथा यौनिक अल्पसंख्यक, संरक्षणका तरिकाहरूबारे जानकारी पुस्तिका तयार एवम् प्रकाशन गर्ने । यो पुस्तिकालाई अपांगता भएका व्यक्ति तथा बालबालिका र ज्येष्ठ नागरिकले सजिलै बुझ्न सक्ने गरी ठूला अक्षर र चित्र समेटेर बनाउने । | निरन्तर | नगर स्तरमा | कम्तिमा १,३०० प्रति | नगरपालिका, महिला तथा बालबालिका शाखा, महिला विकास निरीक्षक, वि.व्य.स., पञ्जीकरण तथा सामाजिक सुरक्षा शाखा |

| क्रस | सामान्य पूर्वतयारीका कार्यहरू | समय | स्थान | परिमाण | मुख्य जिम्मेवार निकाय, संस्था |
|---|---|---|---|---|---|
| २ | विपद्का समयमा अत्यावश्यक सेवाका लीगि महिलाका लागि चाहिने सामग्रीहरू .जस्तै : डिग्निटी किट खरिद गरी भण्डारण गर्ने ।<br>• खाद्यान्न प्रदान गर्दा महिला, बालबालिका तथा ज्येष्ठ नागरिकमैत्री सामग्री प्रदान गर्ने ।<br>• लैंगिक हिंसा रोकथाम तथा सम्बोधन गनुका लागि संरक्षण संयन्त्रलाई सुदृढ बनाउनका साथै हिंसा प्रभावितहरूका लागि आपत्कालीन सहयोग प्रदान गर्ने । | निरन्तर | नगरका गोदाम घरहरू,<br>अनुसूची १५ विवरण | जनसंख्याको कम्तिमा २० प्रतिशतलाई पुग्ने | नगरपालिका, महिला तथा बालबालिका शाखा, महिला विकास शाखा प्रमुख र वि.व्य.स. |
| ३ | उमेर, लैंगिकता र अपांगताको अवस्था अनुसार गरिनुपर्ने सेवा सहयोगका लीगि प्रोटोकल तयार गरी लागू गर्ने । | तत्काल | नगर स्तर | १ पटक | नगरपालिका, महिला तथा बालबालिका शाखा, महिला विकास शाखा प्रमुख, वि.व्य.स., जिन्सी / भण्डारण शाखा |
| ४ | विद्यालय शिक्षक, लैंगिक हिंसा प्रभावित र महिला स्वास्थ्य स्वयंसेविकालाई आधारभूत मनोसामाजिक परामर्श सम्बन्धी तालिम दिने । | प्रत्येक वर्ष १ पटक | नगर स्तर | हरेक विद्यालयबाट १ जना र वडाबाट २ जना महिला स्वास्थ्य स्वयंसेविका | शिक्षा र स्वास्थ्य शाखा, नेपाल रेडक्रस सोसाइटी, विषयक्षेत्र, महिला विकास शाखा र वि.व्य.स. |

| क्रस | सामान्य पूर्वतयारीका कार्यहरू | समय | स्थान | परिमाण | मुख्य जिम्मेवार निकाय, संस्था |
|---|---|---|---|---|---|
| ५ | विपद्को समयमा परिचालन हुने विषयगत क्षेत्रका सदस्यहरूलाई कृत्रिम घटना अभ्यास गर्ने जसमा अपांगता भएका व्यक्ति, महिला, जनजाति, दलित लगायत वञ्चितीकरणमा रहेका समुदायलाई पनि समावेश गर्ने तथा गराउने | निरन्तर | वडा स्तरमा | मुख्य प्रकोपको सम्भावित समय अगाडि कम्तिमा १ पटक | नगरपालिका, महिला तथा बालबालिका शाखा, महिला विकास शाखा र वि.व्य.स. |

३.१.७ आपत्कालीन शिक्षा क्षेत्रको सामान्य पूर्वतयारी योजना

विपद् घटनाअगावै सबै प्रकोपका लागि गर्नुपर्ने आपत्कालीन शिक्षा विषयक्षेत्रको सामान्य पूर्वतयारी सम्बन्धी कार्यहरूको योजना देहाय अनुसार तर्जुमा गरिएको छ ।

| क्रस | सामान्य पूर्वतयारीका कार्यहरू | समय | स्थान | परिमाण | मुख्य जिम्मेवार निकाय, संस्था |
|---|---|---|---|---|---|
| १ | बाढी, पहिरो, हावाहुरी, शीतलहरले प्रभावित गर्न सक्ने विद्यालयहरूको सूची अद्यावधिक गर्ने र सम्भावित क्षतिको आँकलन गर्ने | वर्षको १ पटक | वडास्तरमा | सबै वडाका गरेर जम्मा ६४ विद्यालय | शिक्षा शाखाको शाखा प्रमुख, सम्बन्धित विद्यालय र वि.व्य.स. |
| २ | आपत्कालीन शिक्षाका लागि आवश्यक शिक्षण सामग्रीहरू तयारी अवस्थामा राख्ने । | निरन्तर | नगरको विद्यालय स्तरमा (सबै विद्यालय) तहगत र अवस्थागत रूपमा | १२ वटा | शिक्षा शाखाको शाखा प्रमुख, सम्बन्धित विद्यालय र वि.व्य.स. |
| ३ | बाढी, पहिरो, हावाहुरी लगायतका | निरन्तर | नगरको विद्यालय | १२ वडामा १/१ केन्द्र | शिक्षा शाखाका प्रमुख, |

| क्रस | सामान्य पूर्वतयारीका कार्यहरू | समय | स्थान | परिमाण | मुख्य जिम्मेवार निकाय, संस्था |
|---|---|---|---|---|---|
| | प्रकोपले विद्यार्थीमा हुन सक्ने प्रभावकबारे विद्यालयमा जनचेतनामूलक कार्यक्रम सञ्चालन गर्ने | | स्तरमा | तोकी सोही स्थानमा | सम्बन्धित विद्यालय र वि.व्य.स. |
| ४ | सभावित विपद्बाट सुरक्षित हुने उपायबारे विद्यालयहरूमा चेतनामूलक कार्यक्रमहरू सञ्चालन गर्ने र एफ.एम. रेडियोबाट स्थानीय भाषा तथा मातृभाषामा सन्देशमूलक कार्यक्रम प्रसारण गर्ने | निरन्तर | नगर स्तर, विद्यालय स्तरमा | २१ वटा विद्यालय र एफ.एम.बाट कम्तिमा १५ दिन (प्रकोपमा केन्द्रित भई) | शिक्षा शाखाका प्रमुख, सम्बन्धित विद्यालय र वि.व्य.स. |
| ५ | विपद् पूर्वतयारी र प्रतिकार्यका लागि स्वयंसेवक र प्रशिक्षकहरूको क्षमता अभिवृद्धि गर्ने । | निरन्तर | नगरको विद्यालय स्तरमा | २१ जनालाई, प्रत्येक मा.वि., सिटिइभिटीद्वारा सञ्चालित ३ वटा प्राविधिक विद्यालयहरू, २ वटा कलेजबाट १/१ जना रोष्टर तयार | शिक्षा शाखाका प्रमुख, सम्बन्धित विद्यालय र वि.व्य.स. |
| ६ | अस्थायी सिकाइ केन्द्र निर्माणका लागि आवश्यक त्रिपाल, डोरी, किलाकाँटीको व्यवस्था गर्ने | निरन्तर | नगरको विद्यालय स्तरमा | २१ वटा सेट (प्रत्येक मा.वि, सिटिइभिटीद्वारा सञ्चालित ३ वटा प्राविधिक विद्यालयहरू, २ वटा कलेजहरू) | शिक्षा शाखाका प्रमुख सम्बन्धित विद्यालय र वि.व्य.स. |
| ७ | भण्डारगृहमा शिक्षा क्षेत्रलाई | निरन्तर | नगरका सबै | २१ जनालाई, प्रत्येक | शिक्षा शाखाका शाखा |

गोदावरी नगरपालिका

| क्रस | सामान्य पूर्वतयारीका कार्यहरू | समय | स्थान | परिमाण | मुख्य जिम्मेवार निकाय, संस्था |
|---|---|---|---|---|---|
| | आवश्यक पर्ने इसीडी किटहरू भण्डारण गर्ने । | | विद्यालयलाई पुग्ने गरी | मा.वि, सिटिइभिटीद्वारा सञ्चालित ३ वटा प्राविधिक विद्यालयहरू, २ वटा कलेजहरू | अधिकृत, सम्बन्धित विद्यालय र वि.व्य.स. |
| ८ | भण्डारगृहमा शिक्षा क्षेत्रका लागि आवश्यक स्टुडेण्ट वा शिक्षा किटहरू भण्डारण गर्ने । | निरन्तर | नगरका सबै विद्यालयलाई पुग्ने गरी | ७५ वटा सेट सामुदायिक विद्यालय तह र अवस्था हेरी | शिक्षा शाखाका प्रमुख, सम्बन्धित विद्यालय र वि.व्य.स. |
| ९ | भण्डारगृहमा शिक्षा क्षेत्रलाई आवश्यक पर्ने रिक्रियशनल किटहरू भण्डारण गर्ने । | निरन्तर | नगरका सबै विद्यालयलाई पुग्ने गरी | ७५ वटा सेट | शिक्षा शाखाका प्रमुख सम्बन्धित विद्यालय र वि.व्य.स. |
| १० | कक्षा सञ्चालन गर्न आवश्यक पर्ने कार्पेटहरू, म्याटहरू भण्डारण गर्ने । | निरन्तर | नगरका सबै विद्यालयलाई पुग्ने गरी | ७५ सेट | शिक्षा शाखाका प्रमुख, सम्बन्धित विद्यालय र वि.व्य.स. |
| ११ | शिक्षकहरूलाई आपत्कालीन अवस्थामा कसरी शिक्षण गराउने भन्नेबारेमा तालिम दिने । | निरन्तर | नगरका सबै विद्यालयहरू | ७५ जना लाई | शिक्षा शाखाका प्रमुख सम्बन्धित विद्यालय र वि.व्य.स. |
| १२ | प्रत्येक विद्यालयमा आपत्कालीन अवस्थामा बाहिर निस्कने मार्ग र भेला हुने स्थान पहिचान गरेर राख्न लगाउने । | निरन्तर | नगरका सबै विद्यालयलाई पुग्ने गरी | ७५ वटा विद्यालयमा अभ्यास, शिक्षण गर्ने कार्यक्रम राख्ने | शिक्षा शाखाका प्रमुख, सम्बन्धित विद्यालय र वि.व्य.स. |

| क्रस | सामान्य पूर्वतयारीका कार्यहरू | समय | स्थान | परिमाण | मुख्य जिम्मेवार निकाय, संस्था |
|---|---|---|---|---|---|
| १३ | प्रत्येक विद्यालयमा भूकम्प र आवश्यकता अनुसार अन्य प्रकोपको नमुना अभ्यास गर्न लगाउने | निरन्तर | नगरका सबै विद्यालयलाई पुग्ने गरी | ७५ वटा विद्यालयमा वडाका केन्द्र विद्यालयमा सबै विद्यालयलाई समावेश गरी अभ्यास गर्न लगाउने | शिक्षा शाखाका प्रमुख, सम्बन्धित विद्यालय र वि.व्य.स. |
| १४ | प्रत्येक विद्यालयमा फस्ट एड (प्राथमिक उपचार) सम्बन्धी तालिम दिई फस्ट एड बक्स राख्न लगाउने । | निरन्तर | नगरका सबै विद्यालयमा | प्रमुख विद्यालयमा | शिक्षा शाखाका प्रमुख सम्बन्धित विद्यालय र वि.व्य.स. |
| १५ | आपत्कालीन अवस्थामा समुदायका मानिसहरू विद्यालयमा कति समयसम्म बस्न पाउने भन्नेबारे नीति बनाउने । | निरन्तर | नगरका सबै विद्यालयमा | १ आवश्यकता अनुसार | शिक्षा शाखाका प्रमुख सम्बन्धित विद्यालय र वि.व्य.स. |
| १६ | विद्यालयमा विपद् व्यवस्थापन सम्बन्धी तालिम दिने । | निरन्तर | नगरका सबै विद्यालयमा | ७५ जनालाई | शिक्षा शाखाका प्रमुख, सम्बन्धित विद्यालय र वि.व्य.स. |
| १७ | बैकल्पिक शिक्षाका लागि विद्यालय र शिक्षकलाई व्यवस्था मिलाई तयारी अवस्थामा राख्ने । | निरन्तर | नगरका सबै विद्यालयमा | २१ विद्यालयमा | शिक्षा शाखाका प्रमुख सम्बन्धित विद्यालय र वि.व्य.स. |

३.१.८ शीघ्र पुनर्लाभ क्षेत्रको सामान्य पूर्वतयारी योजना

विपद् घटनाअगावै सबै प्रकोपका लागि गर्नुपर्ने शीघ्र पुनर्लाभ विषयक्षेत्रको सामान्य पूर्वतयारी सम्बन्धी कार्यहरूको योजना देहाय अनुसार तर्जुमा गरिएको छ।

| क्रस | सामान्य पूर्वतयारीका कार्यहरू | समय | स्थान | परिमाण | मुख्य जिम्मेवार निकाय, संस्था |
|---|---|---|---|---|---|
| १ | सुरक्षित स्थानमा आपत्कालीन प्रयोजनका लागि खानेपानी ट्यांकी शौचालय र हातेपम्प व्यवस्था गर्ने । | निरन्तर | वडा स्तरमा | सबै वडामा | पूर्वाधार विकास प्रमुख, वडा कार्यालय, विषयक्षेत्र, वि.व्य.स., कार्यपालिका, आर्थिक शाखा, प्रशासन शाखा, रेडक्रस |
| २ | विपद्बाट अत्यावश्यक सेवाहरू - (जस्तै : सडक, खानेपानी, बिजुली आदि) अवरुद्ध भएमा उक्त सेवा सुचारु गर्न तत्काल प्राविधिक टोली परिचालन गर्ने । | निरन्तर | नगर स्तर र वडा स्तरमा | नगर स्तरमा एक र वडा स्तरमा एक | पूर्वाधार विकास शाखा, वडा कार्यालय, विषयक्षेत्र, र वि.व्य.स., कार्यपालिका, आर्थिक शाखा, प्रशासन शाखा, सडक कार्यालय, विद्युत् कार्यालय, खानेपानी कार्यालय |
| ३ | सम्भावित विपद्बाट आर्थिक सामाजिक क्षेत्रमा पर्ने क्षतिको शीघ्र मूल्यांकनका लागि टोली गठन गरी प्रशिक्षण दिने । | प्रत्येक वर्ष एकपटक | नगर स्तरमा | एकपटक | स्थानीय विपद् व्यवस्थापन समिति, वातावरण तथा विपद् व्यवस्थापन शाखा, नेपाल रेडक्रस |

| क्रस | सामान्य पूर्वतयारीका कार्यहरू | समय | स्थान | परिमाण | मुख्य जिम्मेवार निकाय, संस्था |
|---|---|---|---|---|---|
| | | | | | सोसाइटी, सरकारी, गैरसरकारी संस्था |
| ४ | सम्भावित विपद्बाट कृषि, पशु, रोजगारी, सेवा उद्योग, पर्यटन, व्यापार लगायतका क्षेत्रमा पर्न सक्ने असरहरू न्यूनीकरण गर्ने क्रियाकलाप तय गरी कार्यान्वयन गर्ने ।<br>आर्थिक पुनर्लाभका क्रियाकलापहरूमा महिला, अपांगता भएका व्यक्ति, विपन्न तथा अन्य अति संकटासन्न व्यक्तिहरूलाई प्राथमिकता दिनुपर्ने । | विपद् पश्चात् तत्काल | नगर स्तरमा | प्रभावित समुदायमा | स्थानीय विपद् व्यवस्थापन समिति, वातावरण तथा विपद् व्यवस्थापन शाखा, उद्योग वाणिज्य संघ |

## ३.२ पूर्वानुमानमा आधारित पूर्वतयारी योजना

पूर्वानूमानमा आधारित पूर्वतयारी योजना सही पूर्वानुमान र उपलब्ध समयको आधारमा पूर्वतयारीका कार्यहरू निर्धारण गर्नु पर्दछ । यसमा सामान्य सतर्क रहनेदेखि जोखिमयुक्त ठाउँमा रहेका समुदाय र स्थानातरण गर्न मिल्ने धन सम्पत्ति अस्थायी रूपमा सुरक्षित ठाउँमा सार्ने सम्मका क्रियाकलाप हुन सक्छन् । यस्तो योजना प्रकोपको प्रकृति, समय सीमा नजिक हुन थालेपछि वा प्रकोपको पूर्वानुमान प्राप्त भएपछि गरिने क्रियाकलापहरूको योजना देहाय बमोजिम तर्जुमा गरिएको छ ।

३.२.१ समग्र व्यवस्थापन, सूचना, खोज तथा उद्धार क्षेत्रको पूर्वानुमानमा आधारित पूर्वतयारी योजना ।

प्राकोपको पूर्वानुमान प्राप्त भएपछि समग्र व्यवस्थापन, सूचना, खोज तथा उद्धार क्षेत्र अन्तर्गत गर्नुपर्ने पूर्वानुमानमा आधारित पूर्वतयारी योजनाका कार्यहरू देहाय बमोजिम तर्जुमा गरिएको छ :

| क्र.सं. | पूर्वानुमानमा आधारित पूर्वतयारीका कार्यहरू | समय | स्थान | परिमाण | जिम्मेवार निकाय, संस्था |
|---|---|---|---|---|---|
| १ | वर्षा र आँधी/हावाहुरीको पूर्वानुमान सम्बन्धी जानकारी जल तथा मौसम विज्ञान विभाग (सिधै वा वेबपेज मार्फत) र जिल्ला आपत्कालीन कार्य सञ्चालन केन्द्रबाट आदानप्रदान गर्ने । | माघदेखि असोजसम्म | नगरस् तरमा | दिनमा कम्तिमा १ पटक | वातावरण तथा विपद् व्यवस्थापन शाखा |
| २ | अत्यधिक वर्षा भई बाढी आउनसक्ने अवस्था वा खराव मौसमका कारण हावाहुरी आउनसक्ने सम्भावना भएमा सबैले बुझ्ने भाषामा सूचना जारी गर्ने । आपत्कालीन अवस्थामा अपनाउन पर्ने सन्देश प्रशारण गर्ने । | पूर्वानुमान प्राप्त भए लगत्तै | नगरबाट बस्तीसम्म पहुँच हुनेगरी | पूर्वानुमानको खबरपश्चात् दिनमा कम्तिमा ३ पटक | नगर विपद् व्यवस्थापन समिति |
| ३ | विपद् हुनसक्ने सम्भावना देखिएमा सबै विषयगत क्षेत्रहरूलाई तयारी अवस्थामा रहन आग्रह गर्ने । | पूर्वानुमान प्राप्त भएलगत्तै | नगर स्तरमा | सूचना प्राप्त भएपछि कम्तिमा एकपटक र आवश्यकता अनुसार थप | आपत्कालीन कार्य सञ्चालन केन्द्र, नगर प्रमुख वा उपप्रमुख |
| ४ | विपद् पूर्वानुमान अनुरूप वडास्तरीय समितिलाई जानकारी गराउने ।<br>प्रभावित हुनसक्ने समुदायलाई सुरक्षित स्थानमा | पूर्वानुमान प्राप्त भएलगत्तै | नगरक्षेत्र सबैमा | जोखिममा रहेका सबै समुदाय | आपत्कालीन कार्यसञ्चालन केन्द्र, नगर प्रमुख वा उपप्रमुख |

| क.सं. | पूर्वानुमानमा आधारित पूर्वतयारीका कार्यहरू | समय | स्थान | परिमाण | जिम्मेवार निकाय, संस्था |
|---|---|---|---|---|---|
| | सर्न आग्रह गर्ने, सघाउने । | | | | |
| ५ | खोज तथा उद्धार टोली र क्षति सर्वेक्षण टोली तयारी अवस्थामा राख्ने । | पूर्वानुमान प्राप्त भएलगत्तै | नगर स्तरमा, वडा स्तरमा | प्रकोपअनुसार | नगर विपद् व्यवस्थापन समिति |

३.२.२ खाद्य तथा कृषि क्षेत्रको पूर्वानुमानमा आधारित पूर्वतयारी योजना

प्रकोप आउने समय सीमा नजिक हुन थालेपछि वा प्रकोपको पूर्वानुमान प्राप्त भएपछि गर्नुपर्ने खाद्य तथा कृषि क्षेत्रको पूर्वानुमानमा आधारित पूर्वतयारी योजना सम्बन्धी कार्यहरू देहाय अनुसार तर्जुमा गरिएको छ

| क स | पूर्वानुमानमा आधारित पूर्वतयारीका कार्यहरू | समय | स्थान | परिमाण | मुख्य जिम्मेवार निकाय, संस्था |
|---|---|---|---|---|---|
| १ | खाद्य तथा कृषि विषय क्षेत्रको समन्वयात्मक बैठक बस्ने । | पूर्वानुमानको जानकारी पश्चात् | नगर स्तरमा | सूचना प्राप्त भएपछि एकपटक र आवश्यकता अनुसार थप | कृषि शाखा, पशु स्वास्थ्य प्राविधिक र विषयगत क्षेत्र |
| २ | भण्डारण गरिएको खाद्य सामग्रीहरूको अवस्था निरीक्षण गरी अद्यावधिक गर्ने । | पूर्वानुमानको जानकारी पश्चात् | नगर स्तरमा | सूचना प्राप्त भएपछि एक पटक | कृषि शाखा, पशु स्वास्थ्य प्राविधिक र विषयगत क्षेत्र |
| ३ | विपद् प्रभावित क्षेत्रमा खाद्य सामग्रीहरू डुवानीका लागि आवश्यक सवारीसाधन तयारी | पूर्वानुमानको जानकारी पश्चात् | नगर स्तरमा | सूचना प्राप्त भएपछि आवश्यकता अनुसार | कृषि शाखा, पशु स्वास्थ्य प्राविधिक र विषयगत क्षेत्र |

| | | | | | |
|---|---|---|---|---|---|
| | अवस्थामा राख्ने | | | | |

३.२.३ स्वास्थ्य तथा पोषण क्षेत्रको पूर्वानुमानमा आधारित पूर्वतयारी योजना

प्रकोपको पूर्वानुमान प्राप्त भएपछि गर्नुपर्ने स्वास्थ्य तथा पोषण क्षेत्रको पूर्वानुमानमा आधारित पूर्वतयारी योजना सम्बन्धी कार्यहरू देहाय अनुसार तर्जुमा गरिएको छ ।

| क्रस | पूर्वानुमानमा आधारित पूर्वतयारीका कार्यहरू | समय | स्थान | परिमाण | मुख्य जिम्मेवार निकाय, संस्था |
|---|---|---|---|---|---|
| १ | स्वास्थ्य तथा पोषण विषय क्षेत्रको समन्वय बैठक बस्ने | पूर्वानुमानको जानकारी पश्चात् तत्काल सूचित गर्ने | नगर स्तरमा | सूचना प्राप्त भएपछि एकपटक र आवश्यकता अनुसार | वडा, स्वास्थ्य संस्था स्वास्थ्य शाखा र विषयगत क्षेत्र, नगर स्तरीय आपत्कालीन कार्य सञ्चालन केन्द्र |
| २ | विपद् प्रभावित क्षेत्रमा आवश्यक पर्ने औषधि तथा उपकरण निरीक्षण गरी तयारी अवस्थामा राख्ने | पूर्वानुमानको जानकारी पश्चात् | नगर स्तर र वडा स्तर, स्वास्थ्य संस्था स्तरमा | सम्भावित प्रकोपको प्रकृति अनुसार | स्वास्थ्य शाखा, स्वास्थ्य संस्था प्रमुख र विषयगत क्षेत्र |
| ३ | प्राथमिक उपचार र स्वास्थ्य सेवाका लागि आवश्यक जनशक्ति र सवारी साधन तयारी अवस्थामा राख्ने | पूर्वानुमानको जानकारी पश्चात् | नगर स्तरमा | सम्भावित प्रकोपको प्रकृतिअनुसार | स्वास्थ्य शाखा, स्वास्थ्य संस्था प्रमुख र विषयगत क्षेत्र |
| ४ | कोभिड १९ लगायतका महामारीबाट | पूर्वानुमानको जानकारी | वडा र समुदाय स्तरमा | प्रकोपका आधारमा | स्वास्थ्य एकाइ प्रमुख, |

| | | | | | |
|---|---|---|---|---|---|
| | सुरक्षित रहन र सतर्कता अपनाउने उपायबारे स्थानीय एफ.एम. र सामाजिक सञ्जाल लगायतका माध्यमबाट प्रशारण र जानकारी प्रवाह गर्ने | पश्चात् | | निरन्तर गर्ने | स्वास्थ्य शाखा, विषयगत क्षेत्र, नगर स्तरीय आपत्कालीन कार्य सञ्चालन केन्द्र र सञ्चार क्षेत्र |

### ३.२.४ खानेपानी, सरसफाइ तथा स्वच्छता प्रवर्द्धन क्षेत्रको पूर्वानुमानमा आधारित पूर्वतयारी योजना

प्रकोपको पूर्वानुमान प्राप्त भएपछि गर्नुपर्ने खानेपानी सरसफाइ तथा स्वच्छता क्षेत्रको पूर्वानुमानमा आधारित पूर्वतयारी योजना सम्बन्धी कार्यहरू देहाय अनुसार तर्जुमा गरिएको छ :

| क्र.स. | पूर्वानुमानमा आधारित पूर्वतयारीका कार्यहरू | समय | स्थान | परिमाण | मुख्य जिम्मेवार निकाय, संस्था |
|---|---|---|---|---|---|
| १ | खानेपानी सरसफाइ तथा स्वच्छता प्रवर्द्धन विषय क्षेत्रको समन्वय बैठक बस्ने | पूर्वानुमानको जानकारी पश्चात् | नगर स्तरमा | सूचना प्राप्त भएपछि १ पटक र आवश्यकता अनुसार | जनस्वास्थ्य शाखा प्रमुख, सामाजिक विकास शाखा र विषयगत क्षेत्र |
| २ | खानेपानी शुद्धीकरणका लीग क्लोरिन, पीयूष, जस्ता औषधि तथा प्रविधिको निरीक्षण गरी तयारी अवस्थामा राख्ने । | पूर्वानुमानको जानकारी पश्चात् | नगर स्तरमा | सम्भावित प्रकोपको समय अनुसार | जनस्वास्थ्य शाखा प्रमुख, सामाजिक विकास शाखा र विषयगत क्षेत्र |
| ३ | सरसफाइका लागि परिचालन हुनुपर्ने जनशक्ति, सवारीसाधन र उपकरणहरू तयारी अवस्थामा राख्ने । | पूर्वानुमानको जानकारी पश्चात् | नगर स्तरमा | सम्भावित प्रकोपको समय अनुसार | जनस्वास्थ्य शाखा प्रमुख, सामाजिक विकास शाखा र |

| | | | | | |
|---|---|---|---|---|---|
| | सवारी सरसफाइ कर्मचारी तयारी अवस्थामा रोस्टरमा राख्ने । | | | | विषयगत क्षेत्र |

३.२.५ आपत्कालीन आश्रय तथा गैर-खाद्य सामग्री क्षेत्रको पूर्वानुमानमा आधारित पूर्वतयारी योजना

प्रकोपको पूर्वानुमान प्राप्त भएपछि गर्नुपर्ने आपत्कालीन आश्रय र गैर खाद्य सामग्री क्षेत्रको पूर्वानुमानमा आधारित पूर्वतयारी योजना सम्बन्धी कार्यहरू देहाय अनुसार तर्जुमा गरिएको छ :

| क्र स | पूर्वानुमानमा आधारित पूर्वतयारीका कार्यहरू | समय | स्थान | परिमाण | मुख्य जिम्मेवार निकाय, संस्था |
|---|---|---|---|---|---|
| १ | आपत्कालीन आश्रय र गैर खाद्य सामग्री विषय क्षेत्रको समन्वयात्मक बैठक बस्ने । | पूर्वानुमानको जानकारी पश्चात् | नगर स्तरमा | सूचना प्राप्त भएपछि एकपटक र आवश्यकता अनुसार | नगर प्रहरी र वातावरण तथा विपद् व्यवस्थापन शाखा नेपाल रेडक्रस सोसाइटी र विषयगत क्षेत्र |
| २ | आापत्कालीन आश्रयस्थलको निरीक्षण गरी तयारी अवस्थामा राख्ने | तत्कालै | वडा स्तर | सम्भावित प्रकोप अनुसार | नगर प्रहरी, वातावरण तथा विपद् व्यवस्थापन शाखा नेपाल रेडक्रस सोसाइटी र विषयगत क्षेत्र |
| ३ | अस्थायी आश्रय र आवास निर्माणका लागि आवश्यक जनशक्ति, सामग्री तथा औजारहरू निरीक्षण गरी तयारी अवस्थामा राख्ने | पूर्वानुमानको जानकारी पश्चात् | गाउँ/वडा/नगर स्तरमा | सम्भावित प्रकोपको समय अनुसार | नगर प्रहरी, वातावरण तथा विपद् व्यवस्थापन शाखा नेपाल रेडक्रस सोसाइटी र विषयगत क्षेत्र |
| ४ | सामग्री तथा औजारहरू ढुवानीका लागि आवश्यक सवारीसाधनहरू पहिचान गरी | पूर्वानुमानको जानकारी पश्चात् | गाउँ/वडा/नगर स्तरमा | सम्भावित प्रकोपको समय | नगर प्रहरी, वातावरण तथा विपद् व्यवस्थापन शाखा |

| | | | | | |
|---|---|---|---|---|---|
| | तयारी अवस्थामा राख्ने । | | | अनुसार | नेपाल रेडक्रस सोसाइटी र विषयगत क्षेत्र |

३.२.६ संरक्षण तथा सुरक्षा क्षेत्रको पूर्वानुमानमा आधारित पूर्वतयारी योजना

प्रकोपको पूर्वानुमान प्प्राप्त भएपछि गर्नुपर्ने संरक्षण तथा सुरक्षा क्षेत्रको पूर्वानुमानमा आधारित पूर्वतयारी योजना सम्बन्धी कार्यहरू देहाय अनुसार तर्जुमा गरिएको छ :

| क स | पूर्वानुमानमा आधारित पूर्वतयारीका कार्यहरू | समय | स्थान | परिमाण | मुख्य जिम्मेवार निकाय, संस्था |
|---|---|---|---|---|---|
| १ | संरक्षण तथा सुरक्षा विषयक्षेत्रको समन्वय बैठक बस्ने । | पूर्वानुमानको जानकारी पश्चात् | नगर स्तरमा | सूचना प्राप्त भएपछि १ पटक र आवश्यकता अनुसार | महिला तथा बालबालिका शाखा, विषयगत क्षेत्र |
| २ | विपद्जन्य घटना प्रभावितलाई तथा लैंगिक हिंसा प्रभावितलाई परामर्श सेवा दिन परामर्श टोली तयारी अवस्थामा राख्ने ।<br>लैंगिक हिंसा प्रभावितलाई आपत्कालीन कोष उपलब्ध गराउने । | पूर्वानुमानको जानकारी पश्चात् | नगर स्तर र वडा स्तरमा | सम्भावित प्रकोपको समय अनुसार | महिला तथा बालबालिका शाखा, विषयगत क्षेत्र, स्वास्थ्य, शिक्षा शाखा । |
| ३ | विपद् प्रभावित क्षेत्र वा शिविर | पूर्वानुमानको जानकारी | नगर स्तर र वडा | सम्भावित प्रकोपको | महिला तथा |

| | | | | | |
|---|---|---|---|---|---|
| | सञ्चालन भएको स्थानमा आवश्यक डिग्निटी किट लगायतका सरसामानको निरीक्षण गरी तयारी अवस्थामा राख्ने । | पश्चात | स्तरमा | समय अनुसार | बालबालिका शाखा, विषयगत क्षेत्र |

३.२.७ आपत्कालीन शिक्षा क्षेत्रको पूर्वानुमानमा आधारित पूर्वतयारी योजना

प्रकोपको पूर्वानुमान प्राप्त भएपछि गर्नुपर्ने आपत्कालीन शिक्षा क्षेत्रको पूर्वानुमानमा आधारित पूर्वतयारी योजना सम्बन्धी कार्यहरू देहाय अनुसार तर्जुमा गरिएको छ :

| **क स** | **पूर्वानुमानका आधारित पूर्वतयारीका कार्यहरू** | **समय** | **स्थान** | **परिमाण** | **मुख्य जिम्मेवार निकाय, संस्था** |
|---|---|---|---|---|---|
| १ | आपत्कालीन शिक्षा विषयक्षेत्रको समन्वय बैठक बस्ने । | पूर्वानुमानको जानकारी पश्चात् | नगर स्तरमा | सूचना प्राप्त भएपछि एकपटक र आवश्यकता अनुसार | शिक्षा शाखा, प्रमुख र विषयगत क्षेत्र |
| २ | प्रभावित हुन सक्ने विद्यालयलाई शिक्षण सामग्रीहरू सुरक्षित ठाउँमा राख्न अनुरोध गर्ने | समन्वयात्मक बैठकपश्चात् | विद्यालय स्तरमा | सम्भावित प्रकोप अनुसार | शिक्षा शाखा, प्रमुख र विषयगत क्षेत्र |
| ३ | विपद्को समयमा अपनाउनुपर्ने सावधान र उपाय तथा अनुशासनका बारेमा | तत्काल | विद्यालय स्तरमा | सम्भावित प्रकोपको सिजन अनुसार | शिक्षा शाखा, प्रमुख र विषयगत क्षेत्र |

| क स | पूर्वानुमानका आधारित पूर्वतयारीका कार्यहरू | समय | स्थान | परिमाण | मुख्य जिम्मेवार निकाय, संस्था |
|---|---|---|---|---|---|
| | विद्यार्थीलाई सचेत गराउने | | | | |
| ४ | विपद्को समयमा पठनपाठनबाट निरन्तर गर्न आवश्यक तयारी गर्ने | तत्काल | नगर स्तरमा | सम्भावित प्रकोप अनुसार | शिक्षा शाखा, प्रमुख र विषयगत क्षेत्र |

३.२.८ शीघ्र पुनर्लाभ क्षेत्रको पूर्वानुमानमा आधारित पूर्वतयारी योजना

प्रकोपको पूर्वानुमान प्राप्त भएपछि गर्नुपर्ने शीघ्र पुनर्लाभ क्षेत्रको पूर्वानुमानमा आधारित पूर्वतयारी योजना सम्बन्धी कार्यहरू देहाय अनुसार तर्जुमा गरिएको छ :

| क स | पूर्वानुमानमा आधारित पूर्वतयारीका कार्यहरू | समय | स्थान | परिमाण | मुख्य जिम्मेवार निकाय, संस्था |
|---|---|---|---|---|---|
| १ | शीघ्र पुनर्लाभ विषयक्षेत्रको समन्वय बैठक बस्ने | पूर्वानुमानको जानकारी पश्चात् | नगर स्तरमा, वडा स्तरमा | सूचना प्राप्त भएपछि एकपटक र आवश्यकता अनुसार | वातावरण तथा विपद् व्यवस्थापन शाखा, पूर्वाधार विकास शाखा, विषयगत क्षेत्र । |
| २ | अत्यावश्यक सेवा सुचारु गर्नका लागि आवश्यक जनशक्ति, भण्डारण गरिएका सामग्री तथा उपकरणहरू | पूर्वानुमानको जानकारी पश्चात् | नगर स्तरमा, वडा स्तरमा | सम्भावित प्रकोपको समय अनुसार | पूर्वाधार विकास शाखा, सामाजिक विकास शाखा विषयगत क्षेत्र । |

| | | | | | |
|---|---|---|---|---|---|
| | निरीक्षण गरी तयारी अवस्थामा राख्ने | | | | |
| ३ | सर्वेक्षण टोलीमा समावेश हुने व्यक्तिलाई तयारी अवस्थामा रहन अनुरोध गर्ने | पूर्वानुमानको जानकारी पश्चात् | नगर स्तरमा र वडा स्तरमा | सम्भावित प्रकोपको समय अनुसार | वातावरण तथा विपद् व्यवस्थापन शाखा, पूर्वाधार विकास शाखा, विषयगत क्षेत्र । |

## ३.३ आपत्कालीन प्रतिकार्य (कार्यविधि) योजना

यस आपत्कालीन प्रतिकार्य योजनाअन्तर्गत खोज, उद्धार र स्थानान्तरण तथा विपद् पश्चात् परिस्थिति सामान्य नहुन्जेलसम्म गर्नुपर्ने प्रतिकार्य र शीघ्र पुनर्लाभका कार्यहरू पर्दछन् । यसमा विपद्को समय र विपद् पश्चात तुरुन्तै चाल्नुपर्ने खोज उद्धार कार्यहरूबाट प्रभावितहरूलाई सुरक्षित स्थानान्तरण र राहत वितरणका क्रियाकलापहरू समावेश गरिएका छन् । विपद् प्रतिकार्यका लागि गठित विषयगत क्षेत्रहरू परिचालन गर्न तपसिल बमोजिमका क्रियाकलापहरू तर्जुमा गरिएको छ ।

### ३.३.१ समग्र व्यवस्थापन, सूचना, खोज तथा उद्धार क्षेत्रको प्रतिकार्य योजना

विपद् प्रतिकार्य गर्न समग्र व्यवस्थापन, सूचना, खोज तथा उद्धार क्षेत्रका आपत्कालीन प्रतिकार्य सम्बन्धी योजनाहरू देहाय अनुसार तर्जुमा गरिएको छ । समग्र व्यवस्थापन, सूचना, खोज तथा उद्धार क्षेत्रको प्रतिकार्य योजनाका उद्देश्य :

- विपद् प्रभावित र दुर्घटनाग्रस्त क्षेत्रमा समन्वय खोज तथा उद्धार कार्य प्रभावकारी बनाई घाइतेहरूको थप मृत्यु हुन नदिने गरी व्यवस्थापन गर्न ।
- प्रभावकारी रूपमा खोज तथा उद्धार कार्यका लागि र क्षति न्यूनीकरण गर्न आवश्यक सामग्रीहरूको व्यवस्थापन गर्न ।
- घाइतेको प्राथमिक उपचार गरी आवश्यकता अनुसार अस्पताल पुऱ्याउने व्यवस्था मिलाउन ।

- बालबालिका, गर्भवती तथा सुत्केरी महिला, अपांगता भएका व्यक्तिहरू, ज्येष्ठ नागरिकलाई विनाभेदभाव संरक्षणको व्यवस्था मिलाई प्राथमिकताका साथ खोज तथा उद्धार कार्य गर्ने गरी यकिन गर्न ।
- प्रभावितलाई राहतको उचित व्यवस्था गर्न ।
- आवश्यकता अनुसार अन्य निकायहरूसँग समन्वय गरी व्यवस्थापन मिलाउने ।

| क्र.सं. | प्रतिकार्य सम्बन्धी क्रियाकलापहरू | समय | मुख्य जिम्मेवार निकाय, |
|---|---|---|---|
| १ | विपद्जन्य घटना हुनसक्ने यकिन भएपछि नगर विपद् व्यवस्थापन समितिको बैठक बस्ने । प्रकोपले असर गर्नसक्ने समुदाय (वसन्तपुर, मनहरा, भरतपुर, चैतनपुर, चेतना वस्ती, बाँसबारी, मुक्त कमैया शिविर)लाई सुरक्षित स्थानमा बस्न, सर्नका लागि तत्कालै अनुरोध गर्ने । | पूर्वानुमान प्राप्त भएपछि तत्काल | नगर विपद् व्यवस्थापन समिति |
| २ | जोखिममा रहेका समुदाय (वसन्तपुर, मनहरा, भरतपुर, चैतनपुर, चेतना वस्ती, बाँसबारी, मुक्त कमैया शिविर) र उनीहरूको महत्वपूर्ण सम्पत्ति सामन सुरक्षित स्थानमा स्थानान्तरण गर्नका लागि सुरक्षानिकाय र खोज तथा उद्धार टोली/कार्यदल परिचालन गर्ने । | पूर्वानुमान प्राप्त भएपछि तत्काल | नगर विपद् व्यवस्थापन समिति |
| ३ | विपद्मा परी घाइते भएकालाई उद्धार गर्ने र हराइरहेका व्यक्तिहरूको तथ्याङ्क तयार गरी खोजी कार्य जारी गर्ने । | विपद्को समयमा | सुरक्षानिकाय, खोज तथा उद्धार टोली/ कार्यदल र स्वयंसेवक |
| ४ | सर्वेक्षण टोली परिचालन भई तत्कालै घटनाको अवलोकन, निरीक्षण गर्ने र घटनाको अवस्थाका बारेमा नगर विपद् व्यवस्थापन समितिलाई जानकारी गराउने, साथै प्रारम्भिक द्रुत लेखाजोखा (Initial Rapid Assessment-IRA)को प्रतिवेदन पेश गर्ने । | विपद् पश्चात | सर्वेक्षण टोली, समग्र व्यवस्थापन, सूचना, खोज तथा उद्धार क्षेत्र |
| ५ | विपद्बाट यदि कसैको मृत्यु भएमा सोको तथ्याङ्क तथा विस्तृत लगत कायम गरी सनाखत गर्ने व्यवस्था मिलाउने, शव हस्तान्तरण गर्ने । | विपद्को समयमा | नगर विपद् व्यवस्थापन समिति, समग्र व्यवस्थापन, |

| क्र.सं. | प्रतिकार्य सम्बन्धी क्रियाकलापहरू | समय | मुख्य जिम्मेवार निकाय, |
|---|---|---|---|
| | | | सूचना, खोज तथा उद्धार क्षेत्र |
| ६ | घटनाको परिस्थितिको आधारमा प्रभावित समुदायलाई सम्भाव्य थप जोखिमबाट बचाउन र सहयोग पुऱ्याउन अन्य विषयगत क्षेत्रहरू र सरोकारवाला निकायसँग समन्वय गर्ने । | विपद् पश्चात् | नगर विपद् व्यवस्थापन समिति |
| ७ | विस्तृत सर्वेक्षण गरी सबै विषयगत क्षेत्रहरूमा भएका क्षति, प्रभावित अवस्था र तत्काल गर्नुपर्ने कार्यहरू समेटी सुझाव सहितको प्रतिवेदन नगर विपद् व्यवस्थापन समितिमा प्रस्तुत गर्ने । | विपद् पश्चात् | सर्वेक्षण टोली |
| ८ | समीक्षा तथा योजना तर्जुमा बैठक बस्ने । तयार गरिएको योजना लागू गर्ने, गराउने । | आवश्यकता अनुसार | नगर विपद् व्यवस्थापन समिति, कार्यसमूहहरू |
| ९ | विस्थापित भई शिविरमा बसेका, छरछिमेक वा आफन्तको घरमा आश्रय लिएका, घरगोठ पूर्णरूपमा नष्ट भएका, आफन्त गुमाएका, घाइते भएकाहरूलाई स्वीकृत मापदण्ड बमोजिम राहत रकम उपलब्ध गराउने । | विपद् पश्चात् तत्काल | नगर विपद् व्यवस्थापन समिति |
| १० | विपद्को प्रकृति/अवस्था अनुसार संकटकाल घोषणा गर्नुपर्ने स्थिति भएमा जिल्ला विपद् व्यवस्थापन समितिसँग अनुरोध, सिफारिस गर्ने । | विपद् पश्चात् तत्काल | नगर विपद् व्यवस्थापन समिति |
| ११ | विपद् प्रभावित स्थान कार्यसञ्चालन तथा समन्वय केन्द्र (On-Site Operation Coordination Center-OSOCC) स्थापना गर्ने । | आवश्यकता अनुसार | नगर विपद् व्यवस्थापन समिति, कार्यसमूहहरू, मानवीय क्षेत्रमा कार्यरत संघसंस्थाहरू |
| १२ | बहुक्षेत्र प्रारम्भिक द्रुत लेखाजोखा (MIRA) गर्ने । | विपद् पश्चात् | सर्वेक्षण टोली, समग्र व्यवस्थापन, सूचना, खोज |

| क्र.सं. | प्रतिकार्य सम्बन्धी क्रियाकलापहरू | समय | मुख्य जिम्मेवार निकाय, |
|---|---|---|---|
| | | | तथा उद्धार क्षेत्र |

३.३.२ खाद्य तथा कृषि क्षेत्रको प्रतिकार्य योजना

विपद् प्रतिकार्य गर्न खाद्य तथा कृषि क्षेत्रको प्रतिकार्य योजना आपत्कालीन प्रतिकार्य सम्बन्धी योजनाहरू देहाय अनुसार तर्जुमा गरिएको छ।

तलका योजनाको उद्देश्यः

- विपद् प्रभावित र दुर्घटनाग्रस्त क्षेत्रमा खाद्यान्न अभाव हुन नदिन प्रभावकारी व्यवस्था मिलाई घाइतेहरूको थप मृत्यु हुन नदिने गरी छिटो र प्रभावकारी व्यवस्था गर्ने।
- प्रभावकारी रूपमा राहत वितरण गरी विपद्बाट हुने धनजनको क्षति न्यूनीकरण गर्ने र अवस्था बिग्रिन नदिने।
- कृषि क्षेत्रमा भएको क्षतिको सूचना संकलन गर्ने।
- कृषि क्षेत्रलाई चलायमान बनाउने।

| क्र.सं. | प्रतिकार्य सम्बन्धी क्रियाकलापहरू | समय | जिम्मेवार निकाय, संस्था |
|---|---|---|---|
| १ | सर्वेक्षण टोलीमा प्रतिनिधि पठाई क्षति सर्वेक्षण तथा आवश्यकता पहिचानमा सहयोग गर्ने। | विपद् पश्चात् तत्काल | कृषि शाखा र खाद्य तथा कृषि क्षेत्र |
| २ | विपद्बाट प्रभावित भएका व्यक्तिहरूलाई उपयुक्त खानेकुरा वितरण गर्ने। | विपद्को पहिलो दिन | विषयगत क्षेत्रका सदस्यहरू |
| ३ | सर्वेक्षण टोलीको प्रतिवेदनको आधारमा आवश्यक खाद्य सामग्रीको व्यवस्था गर्ने र पूर्वनिर्धारित मापदण्ड बमोजिम वितरण गर्ने। | दोस्रो दिनदेखि निरन्तर | कृषि शाखा |

| | | | |
|---|---|---|---|
| ४ | भण्डारण गरिएको खाद्य सामग्री वितरणका लागि अपुग हुने सम्भावना भएमा तत्काल खरिद, आपूर्तिको व्यवस्था मिलाउने । | तेस्रो दिनदेखि निरन्तर | कृषि शाखामार्फत नगर विपद् व्यवस्थापन समिति |
| ५ | नगरपालिकाको क्षमता बाहिरको अवस्था भएमा नगरप्रमुखले थप सहयोगका लागि जिल्ला तथा प्रदेश विपद् व्यवस्थापन समितिमा जानकारी गराउने र सहयोग उपलब्ध गराउन अनुरोध गर्ने । | विपद् घटनापछि आवश्यकता भएसम्म | नगर प्रमुख वा तोकिएको अधिकारी |
| ६ | थप खाद्य सामग्रीका लागि मानवीय सहायता कार्यमा संलग्न निकायहरूसँग समन्वय गर्ने र सहयोग उपलब्ध गराउनका लागि अनुरोध गर्ने । | निरन्तर | कृषि शाखाले नगर विपद् व्यवस्थापन समितिमार्फत |
| ७ | खाद्य सामग्री वितरणमा आइपरेका समस्या तथा चुनौतीका विषयमा विषयगत क्षेत्रको सदस्यहरूबीच समीक्षा बैठक गर्ने र निष्कर्ष नगर विपद् व्यवस्थापन समितिमा पेश गर्ने । | निरन्तर | कृषि शाखा |

### ३.३.३ स्वास्थ्य तथा पोषण क्षेत्रको प्रतिकार्य योजना

विपद् प्रतिकार्यका लागि स्वास्थ्य तथा पोषण क्षेत्रका प्रतिकार्य क्षेत्रको आपत्कालीन प्रतिकार्य सम्बन्धी कार्यहरूको योजना देहाय अनुसार तर्जुमा गरिएको छ ।

तलका योजनाको उद्देश्य:

- आरआरटी टोली परिचालन गरी घाइते व्यक्तिहरूको उपचार कार्यमा सहयोग पुऱ्याई थप क्षति हुन नदिने र गम्भीर प्रकृतिका घाइतेहरूलाई अस्पताल पठाउने व्यवस्था मिलाउने ।



गोदावरी नगरपालिका

- झाडापखाला, ज्वरो, टाइफाइड, दादुरा, कोरोना जस्ता महामारी फैलिन नदिन जनचेतना फैलाउने र यसको व्यवस्थापन गर्ने ।
- संकटासन्न समूह जस्तै गर्भवती तथा सुत्केरी महिलाहरू, ज्येष्ठ नागरिकहरू र अपाङ्गता भएका व्यक्तिहरूलाई विशेष उपचारको व्यवस्था गर्ने ।

| क्र.सं | प्रतिकार्य सम्बन्धी क्रियाकलापहरू | समय | जिम्मेवार निकाय |
|---|---|---|---|
| १ | सर्वेक्षण टोलीमा प्रतिनिधि पठाई क्षति सर्वेक्षण तथा आवश्यकता पहिचान कार्यमा सहयोग गर्ने । | विपद् पश्चात् | स्वास्थ्य शाखा, स्वास्थ्य कार्य समूह |
| २ | विपद्को घटनामा घाइते भएकाहरूको प्राथमिक उपचार गर्ने । | आवश्यकता अनुसार | स्वास्थ्य टोली |
| ३ | विपद् प्रभावित वा अस्थायी शिविर स्थापना गरेको स्थानमा उपचार हुन नसक्ने घाइतेहरूलाई नजिकको स्वास्थ्य केन्द्र वा अस्पताल लैजान सिफारिस गर्ने । | आवश्यकता अनुसार | स्वास्थ्य टोली |
| ४ | महामारी रोकथाम र व्यक्तिगत सरसफाइ कायम राख्न शिविरमा बसेकालाई स्वास्थ्य शिक्षा प्रदान गर्ने । | आवश्यकता अनुसार | स्वास्थ्य टोली |
| ५ | विपद् प्रभावित स्थानमा स्वास्थ्य शिविर खडा गर्ने । | आवश्यकता अनुसार | स्वास्थ्य टोली |
| ६ | सुत्केरी, गर्भवती महिलाहरू, शिशु, बालबालिका, अपांगता भएका व्यक्ति तथा वृद्धवृद्धालाई आवश्यकता अनुसारको स्वास्थ्य सेवा प्रदान गर्ने । | आवश्यकता अनुसार | स्वास्थ्य टोली |
| ७ | बालबालिकामा कुपोषण हुनसक्ने सम्भावना देखिएमा पोषणयुक्त खानेकुरा वितरणको लागि खाद्य विषयगत क्षेत्रलाई सल्लाह दिने । | आवश्यकता अनुसार | पोषण कार्य समूह |

### ३.३.४ खानेपानी, सरसफाइ तथा स्वच्छता प्रवर्द्धन क्षेत्रको प्रतिकार्य योजना

विपद् प्रतिकार्य गर्न खानेपानी, सरसफाइ तथा स्वच्छता प्रवर्द्धन क्षेत्रका आपत्कालीन प्रतिकार्य सम्बन्धित कार्यहरूको योजना देहाय अनुसार तर्जुमा गरिएको छ ।

तलका योजनाको उद्देश्य:

- वैकल्पिक खानेपानीको व्यवस्था मिलाई विपद्मा परेका व्यक्तिहरूलाई स्वच्छ खानेपानी र सरसफाइको व्यवस्था मिलाउने ।
- शिविरमा रहेको खण्डमा माहामारी फैलिन नदिनका लागि शिविर तथा शौचालय व्यवस्थापनको कार्य व्यवस्थित गर्ने ।
- पानी शुद्धीकरण सम्बन्धी व्यवस्था मिलाउने ।
- पानी वितरण कार्य व्यवस्थित गरी सवैलाई स्वच्छ खानेपानीको सेवामा पहुँच बढाउने ।

| क्र.सं. | विपद् प्रतिकार्य सम्बन्धी क्रियाकलापहरू | समय | जिम्मेवार निकाय, |
|---|---|---|---|
| १ | सर्वेक्षण टोलीमा प्रतिनिधि पठाई क्षति सर्वेक्षण तथा आवश्यकता पहिचान कार्यमा सहयोग गर्ने । | विपद् पश्चात् तत्कालै | सामाजिक विकास शाखा |
| २ | विपद् प्रभावित स्थान वा शिविर सञ्चालन भएको स्थानमा शुद्ध खानेपानीको प्रबन्ध गर्ने । | विपद् पश्चात तत्कालै | खानेपानी तथा सरसफाइ डिभिजन कार्यालय |
| ३ | विपद्का कारण सिर्जित फोहोर व्यवस्थापनको कार्य गर्ने । | विपद् पश्चात् तत्कालै | सरसफाइ एकाइ, नगरपालिका |
| ४ | खानेपानी शुद्धीकरणका लागि आवश्यक औषधि, व्यक्तिगत सरसफाइका लागि हाइजिन किट वितरण गर्ने र सरसफाइ तथा स्वच्छता कायम गर्न चेतनामूलक कार्यक्रम गर्ने । | विपद् पश्चात् तत्कालै | ने.रे.सो. |
| ५ | विपद् प्रतिकार्यमा आइपरेका समस्या तथा सिकाइहरूका बारेमा विषयगत क्षेत्रका सदस्यहरूबीच समीक्षा बैठक बस्ने । | विपद् पश्चात् तत्कालै | सामाजिक विकास शाखा |

### ३.३.५ आपत्कालीन आश्रय तथा गैर-खाद्य सामग्री क्षेत्रको प्रतिकार्य योजना

विपद् प्रतिकार्य गर्न आपत्कालीन आश्रय र गैरखाद्य सामग्री क्षेत्रको प्रतिकार्य क्षेत्रका आपत्कालीन प्रतिकार्य सम्बन्धित कार्यहरूको योजना देहाय अनुसार तर्जुमा गरिएको छ ।

तलका योजनाको उद्देश्य:

- वैकल्पिक खाना पकाउने सरसामान र खानेकुराको व्यवस्था मिलाई वासस्थान मिलाउने ।
- शिविरमा रहेको खण्डमा राहत वितरणलाई व्यवस्थित गर्ने ।
- शिविरमा रहेका उमेर समूहका बालबालिका, वृद्धवृद्धा र अन्य जोखिम समूहलाई स्पीयर मापदण्ड अनुसारको खाद्य सामग्रीको व्यवस्था मिलाउने ।
- खाद्य, गैर-खाद्य र वासस्थान व्यवस्थित गरी सवैलाई सेवामा पहुँच बढाउने ।

| क्र.सं. | प्रतिकार्य सम्बन्धी क्रियाकलापहरू | समय | जिम्मेवार निकाय, |
|---|---|---|---|
| १ | सर्वेक्षण टोलीमा प्रतिनिधि पठाई क्षति सर्वेक्षण तथा आवश्यकता पहिचान कार्यमा सहयोग गर्ने । | विपद् पश्चात् तत्काल | नेपाल रेडक्रस सोसाइटी |
| २ | विपद् प्रभावित समुदायले निर्धारण गरेको सुरक्षित स्थानको पहिचान गरी आश्रय वा वासका लागि अस्थायी संरचना निर्माण गर्ने । | विपद् पश्चात् तत्काल | विषयगत क्षेत्रका समूह सदस्यहरू |
| ३ | अस्थायी संरचना निर्माणको लागि थप सामग्री वा औजारहरू आवश्यक भएमा नगरप्रमुखसँग सरसल्लाह गरी थप परिमाण जुटाउने । | विपद् पश्चात् तत्काल | विषयगत क्षेत्रका समूह सदस्यहरू |
| ४ | आवश्यक गैरखाद्य सामग्रीको व्यवस्था, वितरण गर्ने । | आवश्यकता अनुसार | विषयगत क्षेत्रका समूह सदस्यहरू |

| | | | |
|---|---|---|---|
| ५ | विपद् प्रतिकार्यमा आइपरेका समस्या तथा सिकाइहरूका बारेमा विषयगत क्षेत्रका सदस्यहरूबीच समीक्षा बैठक बस्ने । | निरन्तर | विषयगत क्षेत्रका समूह सदस्यहरू |
| ६ | सर्वेक्षण टोलीमा प्रतिनिधि पठाई क्षति सर्वेक्षण तथा आवश्यकता पहिचान कार्यमा सहयोग गर्ने । | विपद् पश्चात् | प्राविधिक शाखा, नगरपालिका |
| ७ | भौतिक संरचनाहरू नोक्सान भई सेवा अवरुद्ध भएको स्थान पहिचान गरी तथ्याङ्क सङ्कलन गर्ने र तत्काल सुचारु गर्नुपर्ने सेवाहरूको प्राथमिकीकरण गर्ने । | विपद् पश्चात् | विषयगत क्षेत्रका सदस्यहरू |
| ८ | सार्वजनिक सेवा अवरुद्ध भएका भौतिक संरचनाहरूको मर्मत सम्भारका लागि टोली परिचालन गर्ने । | विपद् पश्चात् | विषयगत क्षेत्रका सदस्यहरू |
| ९ | विपद् प्रतिकार्यमा आइपरेका समस्या तथा सिकाइहरूका बारेमा विषयगत क्षेत्रका सदस्यहरूबीच समीक्षा बैठक बस्ने । निष्कर्षका आधारमा थप कार्यहरू गर्ने । | विपद् पश्चात | विषयगत क्षेत्रका सदस्यहरू |

### ३.३.६ संरक्षण तथा सुरक्षा क्षेत्रको प्रतिकार्य योजना

संरक्षण तथा सुरक्षा क्षेत्रको प्रतिकार्य क्षेत्रका आपत्कालीन प्रतिकार्य सम्बन्धित कार्यहरूको योजना देहाय अनुसार तर्जुमा गरिएको छ ।

तलका योजनाको उद्देश्य:

- खाना पकाउने वैकल्पिक सरसामान र खानेकुराको व्यवस्था गर्दा महिला, उमेर समूहका बालबालिका, ज्येष्ठ नागरिक र अन्य जोखिम समूहलाई खानेकुरा र गैर खाद्य वस्तुको उचित व्यवस्था गर्ने ।
- शिविरमा रहेका उमेर समूहका बालबालिका, ज्येष्ठ नागरिक र अन्य जोखिम समूहलाई स्पीयर मापदण्ड अनुसारको खाद्य सामग्रीको व्यवस्था मिलाउने ।
- खाद्य, गैर खाद्य र वासस्थान व्यवस्थित गरी सबैको सेवामा पहुँच बढाउने ।

- शिविरमा रहेको खण्डमा राहत वितरणलाई व्यवस्थित गर्दा महिला, तथा अति संकटासन्न समूह बालबालिका, ज्येष्ठ नागरिक र अन्य जोखिम समूहलाई सहज हुने गरी गर्ने ।

| क्र.सं. | प्रतिकार्य सम्बन्धी क्रियाकलापहरू | समय | जिम्मेवार निकाय, संस्था |
|---|---|---|---|
| १ | सर्वेक्षण टोलीमा प्रतिनिधि पठाई क्षति सर्वेक्षण तथा आवश्यकता पहिचान कार्यमा सहयोग गर्ने । | विपद् पश्चात् सकेसम्म छिटो र निरन्तर | महिला विकास शाखा, गोदावरी नगरपालिका |
| २ | गर्भवती महिला, सुत्केरी महिला, स्तनपान गराइरहेकी महिला, बालबालिका, अपाङ्गता भएका व्यक्तिहरू र ज्येष्ठ नागरिकको अवस्थाको आवश्यकता अनुसार सहयोग गर्ने । | विपद् पश्चात् सकेसम्म छिटो र निरन्तर | महिला विकास शाखा, विषयगत क्षेत्रका सदस्यहरू |
| ३ | महिला, गर्भवती महिला, सुत्केरी महिला, बालबालिका र अपाङ्गता भएका व्यक्तिहरूका लागि आवश्यक सामग्रीहरूको दैनिक सूची तयार गर्ने, सामग्री जुटाउने र वितरण गर्ने । | विपद् पश्चात् सकेसम्म छिटो र निरन्तर | महिला विकास शाखा, विषयगत क्षेत्रका सदस्यहरू |
| ४ | विशिष्ट आवश्यकता अनुसारका सामग्री जस्तैः डिग्निटी किट वितरण गर्ने । | विपद् पश्चात् सकेसम्म छिटो र निरन्तर | महिला विकास शाखा, विषयगत क्षेत्रका सदस्यहरू |
| ५ | विपद्का घटनाबाट मानसिक रूपमा प्रभावित व्यक्ति, लैंगिक हिंसा प्रभाबित र परिवारका सदस्य गुमाएका व्यक्तिहरूलाई परिस्थितिको आँकलन गरी मनोसामाजिक परामर्श सेवा उपलब्ध गराउने । | विपद् पश्चात् सकेसम्म छिटो र निरन्तर | महिला विकास शाखा, विषयगत क्षेत्रका सदस्यहरू |
| ६ | विपद् प्रतिकार्यमा आइपरेका समस्या तथा सिकाइहरूका बारेमा विषयगत क्षेत्रका सदस्यहरूबीच समीक्षा बैठक बस्ने । | विपद् पश्चात् र निरन्तर | महिला विकास शाखा, विषयगत क्षेत्रका सदस्यहरू |

### ३.३.७ आपत्कालीन शिक्षा क्षेत्रको प्रतिकार्य योजना

विपद् प्रतिकार्य गर्न खानेपानी सरसफाइ तथा स्वच्छता प्रवर्द्धन क्षेत्रको आपत्कालीन प्रतिकार्य सम्बन्धी कार्यहरूको योजना देहाय अनुसार तर्जुमा गरिएको छ । यस नगरपालिकामा १० वटा बालविकास केन्द्र, ४३ वटा आधारभूत विद्यालयहरू, १६ वटा माध्यमिक विद्यालयहरू, सिटिइभिटीद्वारा सञ्चालित ३ वटा प्राविधिक विद्यालय, २ वटा कलेज र एउटा वेदविद्याश्रम गरी जम्मा ७४ विद्यालय छन् ।

तलका योजनाको उद्देश्य:

- विद्यालयलाई शान्ति क्षेत्रको रूपमा उत्थानशील प्रवर्धन गर्नु ।
- बालबालिकालाई सुरक्षित ठाउँमा पुर्‍याउनु ।
- पठनपाठनका लागि भयरहित वातावरण तयार गर्ने गरी पठन पाठनलाई निरन्तरता दिनु ।

| क्र.सं. | प्रतिकार्य सम्बन्धी क्रियाकलापहरू | समय | जिम्मेवार निकाय, |
|---|---|---|---|
| १ | सर्वेक्षण टोलीमा प्रतिनिधि पठाई क्षति सर्वेक्षण तथा आवश्यकता पहिचान कार्यमा सहयोग गर्ने । | विपद् पश्चात् | शिक्षा शाखा, गोदावरी नगरपालिका |
| २ | प्रकोपबाट प्रभावित विद्यालयहरूको सूची तयार गरी सम्बन्धित विद्यालयका विद्यार्थीहरूले गुमाएका पठनपाठनका सामग्रीहरू विवरण तयार गर्ने । | विपद् पश्चात् | विषयगत क्षेत्रका सदस्यहरू |
| ३ | यदि विद्यालय ३ दिनभन्दा बढी बन्द हुने अवस्था भएमा आपत्कालीन शिक्षाका लागि प्रबन्ध मिलाउने । | विपद् पश्चात् | विषयगत क्षेत्रका सदस्यहरू |
| ४ | आपत्कालीन शिक्षाका लागि आवश्यक सरसामानको व्यवस्था गरी पठनपाठन सुचारु गर्ने । | विपद् पश्चात् | विषयगत क्षेत्रका सदस्यहरू |
| ५ | समीक्षा बैठक बस्ने, तत्कालीन आवश्यकता अनुसार योजना गरी लागू गर्ने । | उपयुक्त समयमा | विषयगत क्षेत्रका सदस्यहरू |

### ३.३.८ शीघ्र पुनर्लाभ क्षेत्रको प्रतिकार्य योजना

शीघ्र पुनर्लाभ क्षेत्रको प्रतिकार्य क्षेत्रको आपत्कालीन प्रतिकार्य सम्बन्धित कार्यहरूको योजना देहाय अनुसार तर्जुमा गरिएको छ ।

तलका योजनाको उद्देश्य:

- विपद्बाट आर्थिक सामाजिक क्षेत्रमा परेको प्रभावको लेखाजेखा गर्ने ।
- आर्थिक सामाजिक क्षेत्रमा परेको प्रभावको लेखाजेखाको आधारमा शीघ्र पुनर्लाभ कार्यक्रम सञ्चालन गर्ने ।

| क्र.सं. | प्रतिकार्य सम्बन्धी क्रियाकलापहरू | समय | जिम्मेवार निकाय, |
|---|---|---|---|
| १ | सर्वेक्षण टोलीमा प्रतिनिधि पठाई क्षति सर्वेक्षण तथा आवश्यकता पहिचान कार्यमा सहयोग गर्ने । | विपद् पश्चात् | शिक्षा शाखा, गोदावरी नगरपालिका |
| २ | प्रकोपबाट प्रभावित विद्यालयहरूको सूची तयार गरी सम्बन्धित विद्यालयका विद्यार्थीहरूले गुमाएका पठनपाठनका सामग्रीहरू विवरण तयार गर्ने । | विपद् पश्चात् | विषयगत क्षेत्रका सदस्यहरू |
| ३ | यदि विद्यालय ३ दिनभन्दा बढी बन्द हुने अवस्था भएमा आपत्कालीन शिक्षाका लागि प्रबन्ध मिलाउने । | विपद् पश्चात् | विषयगत क्षेत्रका सदस्यहरू |
| ४ | आपत्कालीन शिक्षाका लागि आवश्यक सरसामान व्यवस्था गरी पठनपाठन सुचारु गर्ने । | विपद् पश्चात् | विषयगत क्षेत्रका सदस्यहरू |
| ५ | समीक्षा बैठक बस्ने, तत्कालीन आवश्यकता अनुसार योजना गरी लागू गर्ने । | उपयुक्त समयमा | विषयगत क्षेत्रका सदस्यहरू |



गोदावरी नगरपालिका

# खण्ड - ४: बन्दोबस्ती सामग्रीको उपलब्धता तथा आवश्यकताको लेखाजोखा

## ४.१ स्रोत-साधनको वर्तमान अवस्था

कुनै पनि प्रकोपका कारण हुने विपद्जन्य घटनामा सम्बन्धित विषयगत क्षेत्रबाट वितरण गरिने राहत सामग्रीहरू र तत्काल सेवा पुऱ्याउनका लागि चाहिने सरसामानहरू तलका तालिकाहरूमा उपलब्ध भएबमोजिम समावेश गरिएको छ ।

| विषय क्षेत्र | स्रोत, साधन/उपकरण | संख्या वा परिमाण | भण्डारण स्थल/स्थान |
|---|---|---|---|
| समग्र व्यवस्थापन/सूचना खोज तथा उद्धार | दमकल (आवश्यक औजर सेट सहित) | १ थान | नगरपालिका |
| | एक्साभेटर (जेसिबी) | १ थान | नगरपालिका |
| | लाइफ ज्याकेट | ६ थान | नगरपालिका, नेपाल रेडक्रस |
| | नाइलन डोरी | २० मि. | नगरपालिका |
| | सेफ्टी हेल्मेट | ६ थान | नगरपालिका |
| | मेगा ह्याण्ड माइक | २ थान | नगरपालिका नेपाल रेडक्रस |
| | इमर्जेन्सी टर्च लाइट | ६ थान | नगरपालिका, नेपाल रेडक्रस |
| | आगो निभाउने यन्त्र (फायर ब्लक) | ६० थान | नगरपालिका |
| | साइरन | ...थान | नगरपालिका, नेपाल रेडक्रस |
| | प्राथमिक उपचार किट | ...थान | नेपाल रेडक्रस सोसाइटी |
| | रेस्क्यू टी सर्ट | ६ थान | नगरपालिका |
| | रेन कोट | ६ थान | नगरपालिका |
| | रबर म्याट्रेस | २० थान | नगरपालिका |
| | फुट पम्प | १ थान | नगरपालिका |

| विषय क्षेत्र | स्रोत, साधन/उपकरण | संख्या वा परिमाण | भण्डारण स्थल/स्थान |
|---|---|---|---|
| | मिडियम साइज रबर ट्युब | ६ थान | नगरपालिका |
| | पञ्जा | ६ थान | नगरपालिका |
| | त्रिपाल | २० थान | नगरपालिका |
| | ब्लाङ्केट | २० थान | नगरपालिका |
| | आगो निभाउने यन्त्र | २ थान | नगरपालिका |
| | स्ट्रेचर | २ थान | नगरपालिका |
| | सेफ्टी रिबन | ६ थान | नगरपालिका |
| | सेफ्टी बुट | ६ थान | नगरपालिका |
| | ट्याक्टर | १ थान | नगरपालिका, |
| | ट्रिपर | २ थान | नगरपालिका |
| खाद्यान्न तथा कृषि | किटनाशक विषादी | ...थान | कृषि शाखा |
| | चामल | १,००० के.जी. | कृषि शाखा |
| | नुन | ५० के.जी. | कृषि शाखा |
| | च्याउ वीउ | ८०० के.जी | कृषि शाखा |
| | तेल | ५० के.जी. | कृषि शाखा |
| स्वास्थ्य तथा पोषण | स्यानिटरी प्याड डिग्निटी किट | ...थान | नगरपालिका |
| | इमर्जेन्सी किट | ...थान | नगरपालिका |
| | ह्याण्ड वास तथा साबुन | ....दर्जन | नगरपालिका |
| | पिपिई सिट/गाउन | ...थान | नगरपालिका |
| | सर्जिकल ग्लोब | .....कार्टुन | नगरपालिका |

**Commented [AM1]:**

| विषय क्षेत्र | स्रोत, साधन/उपकरण | संख्या वा परिमाण | भण्डारण स्थल/स्थान |
|---|---|---|---|
| | स्यानिटाइजर | .....वटा | नगरपालिका |
| | क्लोरिन पाउडर | ..... | नगरपालिका |
| | मेडिसिन | केही मात्रामा | नगरपालिका |
| | आर.एल. बोटल | .....वटा | नगरपालिका |
| | प्राथमिक उपचार/बाकस किट | ...थान | नगरपालिका |
| खानेपानी, सरसफाइ तथा स्वच्छता | पीयूष | | |
| | एक्वा ट्याब | | |
| | पि.एल.भाइल | | |
| | पानी जाँच्ने किट | | |
| | पाइप तथा फिटिङ्स | | |
| | अस्थायी शौचालय किट | | |
| आपत्कालीन आश्रय तथा गैर खाद्य सामग्री र क्वारेन्टाइन व्यवस्थापन | | | |
| | खन्ती (सब्बल) | १० वटा | नगरपालिका, नेपाल रेडक्रस सोसाइटी |
| | गैंती र बेल्चा सेट | १० वटा | नगरपालिका |
| | जस्ता पस्ता | १०० वटा | नगरपालिका |

## ४.२ विपद् प्रतिकार्यका लागि जनशक्तिको उपलब्धता

यस गोदावरी नगरपालिकामा विपद्जन्य घटनामा सबै विषयक्षेत्रका सदस्यहरू स्थानीय समुदायमा प्रतिकार्यका लागि परिचालित हुनेछन् । यसबाहेक यस नगरपालिकामा खोज तथा उद्धार, प्राथमिक उपचार, पूर्वसूचना कार्यदल र लेखाजोखा कार्यदल सम्बन्धी दक्ष व्यक्तिहरू नरहेकाले सो सम्बन्धी जनशक्ति तयार गर्नुपर्ने देखिन्छ । यसका

साथै शव व्यवस्थापन सम्बन्धी विशिष्ट ज्ञान भएका सुरक्षानिकायहरूसँग रहेका व्यक्तिहरू र सोको पनि सूची तयार गर्नुपर्ने देखिन्छ । जनशक्ति सम्बन्धी विवरण हेरफेर भइरहन सक्ने हुँदा सबै विषयक्षेत्रले विपद् प्रतिकार्यका लागि समावेशी विद्यमान जनशक्तिको तथ्याङ्क नियमित रूपमा अद्यावधिक गरी एकीकृत अभिलेख राख्ने र प्रयोजनका लागि विपद् व्यस्थापन शाखामा पठाउनु पर्नेछ ।

## ४.३ बन्दोबस्ती सामग्रीको आँकलन

विपद्जन्य घटनाहरूमा प्रतिकार्यका लागि गैर खाद्य सामग्रीहरूको र सोको भण्डारण स्थल र मानवीय सहायता स्थलका लागि देहाय अनुसारको व्यवस्था गरिएको छ :

### ४.३.१ गैर-खाद्य सामग्री भण्डारण स्थल

विपद्का घटनाहरूमा प्रतिकार्यका लागि गैर खाद्य सामग्रीहरूको गोदाम घर (भण्डारण स्थल) १, ३, ४, ८ र १२ नम्बर वडामा रहेको छ । भण्डारण स्थल सम्बन्धी विवरण देहायअनुसार रहेको छ :

